नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नेता नसुध्रिनुमा जनता पनि दोषी छन्: विचारी



संवाद पृष्ठ ७ मा

● वर्ष २ ● अंक २८१ ● २०८१ साल भाद्र १३ गते बिहीबार ● Thursday 29, August 2024 ● सूर्योदय: बिहान ५:४३ बजे ● सूर्यास्त: साँझ ६:२९ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## दैनिक सैयौँ ट्र्याक्टर बालुवा तस्करी



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर ३१ को भेडहा खोलाबाट रातिको समय पारेर बालुवा र गिटी तस्करी भइरहेको पाइएको छ ।

विगत केही समयदेखि राति ९ बजेपछि दैनिक सैयौँ ट्र्याक्टरमा खोलाको बालुवा र गिटी तस्करीका लागि प्रयोग भइरहेको पाइएको छ ।

वीरगंज महानगरपालिकाले ठेक्कापट्टासमेत नगरेको खोलाबाट मिलन चोक प्रहरी चौकी र बडनिहार प्रहरी चौकीको ग्रिन सिग्नल तथा सशस्त्र प्रहरीको समेत मिलेमतोमा राति तस्करी हुने गरेको हो । नेपाल प्रहरी र सशस्त्र प्रहरीले एउटा ट्र्याक्टरबाट पाँचसय रुपैयाँ लिने गरेको स्रोतको दाबी छ । यसरी देशै सुरक्षा गर्ने प्रहरी प्रशासनले नै नदीनालाको दोहन गर्दा पनि कानमा तेल हालेर बसेको र अझै महिनावारी अशुल्न लागेको देखिएको छ ।

वीरगंज महानगरपालिकाका उपमेयर इम्तियाज आमलले महानगरले कसैलाई खोलाबाट गिटीबालुवा निकाल्न ठेक्का नलगाएको बताए । उनले यस्तो भएको भए दोषीलाई कारबाही गरिने बताए । भेडाहा खोलाबाट गिटी र बालुवाको तस्करीमा वडा नम्बर ३१ का वडाध्यक्षले पनि मौनता साँधेको देखिएको छ । स्थानीयले भने वडाध्यक्षको पनि संलग्नता हुनसक्ने आशंका व्यक्त गरेका छन् ।

## मुसहर बस्तीमा मुख्यमन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले मंगलबार साँझ धनुषाको विदेह नगरपालिकास्थित वैदेही स्कुल टोलको मुसहर बस्ती पुगेर स्थानीयसँग समुदायका समस्याबारे छलफल गरेका छन् । महिनामा एकपटक एक दलित बस्ती अवलोकन गरी त्यहाँका विकास निर्माण, शिक्षा, स्वास्थ्य तथा जीविकोपार्जनलगायत समस्याबारे स्थानीयसँग कुराकानी गर्ने कार्यक्रमअनुसार मुख्यमन्त्री सिंह वैदेही स्कुल टोलको मुसहर बस्ती पुगेका हुन् । बस्तीमा पुगेर मुख्यमन्त्री सिंहले महिला, बालबालिका, युवा तथा वृद्धसँग उनीहरूका समस्याका बारेमा जानकारी लिए । बस्तीका विभिन्न घरदैलौमा पुगेर उनले मुसहर समुदायका बालबच्चाको पढाइलेखाइ, स्वास्थ्योपचारका व्यवस्था, सरसफाइ, आयआर्जनका कामसँगै बानीव्यवहारबारे जानकारी लिएका थिए ।

मुख्यमन्त्री सिंहले सङ्घीयताका कारण जनप्रतिनिधिका रूपमा स्थानीय तहमा दलित महिलाको प्रतिनिधित्व भएको भन्दै सङ्घीयता संस्थागत गर्ने जिम्मेवारी सबै समुदायका जनताको रहेको समेत बताए । बनिबुतो गरेर जीविकोपार्जन गर्ने मुसहर समुदायका अधिकांश पुरुष रोजगारका लागि भारत जाने गर्छन् भने गाउँमा भएका पुरुष पनि खेतीमजदुरका रूपमा काम गर्छन् । समुदायका महिलासमेत आयआर्जनका लागि कृषिसम्बद्ध श्रम गर्ने गर्छन् । आयआर्जनका दृष्टिले लत्ताकपडा र छाक टार्न समस्या नरहे पनि यो समुदायका पुरुषमा जाँडरक्सीको लत रहेकाले उनीहरूले आम्दानीको ठूलो हिस्सा गुम्ने गरेको गुनासो मुसहर समुदायका महिलाले मुख्यमन्त्री सिंहसँग गरेका थिए । मुख्यमन्त्री सिंहले यसमा सुधार ल्याउन समुदायबाट समेत पहल हुनुपर्ने बताए । मुख्यमन्त्री सिंहले विगतको दुई दशकमा अन्य समुदायमा परिवर्तन आए पनि मुसहर समुदायमा त्यस्तो हुन नसकेको भन्दै मुसहर बस्तीका बच्चाको शिक्षामा पहुँच सुनिश्चित गर्न राज्य र समुदाय दुवैस्तरबाट पहल हुनुपर्ने बताए । उनले कम उमेरमा छोरीको विवाह नगरी लेखपढ गराएर मात्र विवाह गर्न मुसहर महिलालाई सुझाए । बस्ती भ्रमणक्रममा मदिरा बिक्रीवितरण हुने रक्सी पसलअघि पुगेका मुख्यमन्त्री सिंहले रक्सीका कारण समाज बन्न नसकेको भनेपछि बिक्रीका लागि भूइँमा फिजाएर राखिएका रक्सीका बोतल पसलेले तत्काल थान्को लगाएका थिए ।

## नगराइन नगरपालिकामा इन्धनमा सवा एक करोड खर्च

*आर्थिक वर्ष २०७९–८० मा ३४ लाख ८१ हजार ७ सय ५०, आर्थिक वर्ष २०७८–७९ मा २८ लाख ८९ हजार, आर्थिक वर्ष २०७७–७८ मा ३३ लाख ९५ हजार ७ सय १६, २०७८ सालमा २४ लाख ३९ हजार ५ सय २० रुपैयाँ इन्धनमा खर्च भएको छ ।*

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
गाउँगाउँमा सिंहदरबारको नारा दिएर स्थापना भएको स्थानीय तहमा जनप्रतिनिधिले सेवाप्रवाहमा ध्यान दिनुको सट्टा सेवासुविधामा मात्रै केन्द्रित देखिएका छन । सरकारी खर्च अनुगमन गर्ने अधिकारिक निकाय महालेखा परीक्षकले समेत स्थानीय तहमा हुने खर्चका विषयमा प्रश्न उठाइरहँदा जनप्रतिनिधिहरु राज्यको साधनस्रोत दोहन गरिरहेका छन् ।

धनुषाको नगराइन नगरपालिका पनि यस्तैमा परेको छ । जनप्रतिनिधिले साधनस्रोत दोहनमा निकै मेहनत गरेको देखिएको छ । नगराइन नगरपालिकाले चार वर्षमा १ करोड २२ लाख ५ हजार ९ सय ८६ हजार रुपैयाँको इन्धन खरिद गरेको पाइएको छ ।

महालेखाले हरेक वर्षको लेखा परीक्षण प्रतिवेदनमा विनामापदण्ड हुने गरेको इन्धन खर्चका विषयमा प्रश्न उठाउँदासमेत सम्बन्धित निकाय भने यसलाई नियन्त्रण गर्नुको साटो दिनप्रतिदिन इन्धन दुरुपयोगमा लागेका छन् । महालेखा परीक्षणको प्रतिवेदनमा उल्लेख भएअनुसार सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्नेसम्बन्धी नीतिगत मार्गदर्शन २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाइ कार्यान्वयनमा ल्याउनुपर्नेमा सरकारी सवारीसाधनको सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ ।

तर कार्यालयले यसको पालना गरेको देखिँदैन । इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधनअनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेखसमेत राखिएको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगबुक राखेर मात्र खर्च लेख्नतर्फ कार्यालयको ध्यानाकर्षण गराएको छ । तर हरेक जनप्रतिनिधिले आफ्नो र नजिकका व्यक्तिलाई समेत कार्यालयबाट नै इन्धन दिने गरेका छन् । यसले इन्धनको दुरुपयोग हुँदै आएको छ ।




महालेखा परीक्षकको प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७९–८० मा ३४ लाख ८१ हजार ७ सय ५०, आर्थिक वर्ष २०७८–७९ मा २८ लाख ८९ हजार, आर्थिक वर्ष २०७७–७८ मा ३३ लाख ९५ हजार ७ सय १६, २०७८ सालमा २४ लाख ३९ हजार ५ सय २० रुपैयाँ इन्धनमा खर्च भएको छ ।

नगराइन नगरपालिकाका मेयर विनय यादवले विगतमा यस्तो अवस्था देखिएको बताउँदै यसवर्षदेखि यसमा कडाइ गरिएको जानकारी दिए । उनले भने, 'पहिला कुनै गाडीको कुरुपको इन्धन अर्को गाडीमा राख्ने व्यवस्था थियो । त्यतिलाई कडाइ गर्दै जुन गाडीको कुपन छ, त्यही गाडीमा तेल दिने र जसलाई जति कानूनले मिल्छ, त्यतिमात्रै दिने गरी कोटासमेत निर्धारण गरिएको बताए । यादवले भने, 'यसवर्षदेखि इन्धन दुरुपयोगमा कमी आउने छ, महालेखाले दिएको प्रतिवेदनलाई कडाइका साथ पालना गरी अनावश्यक खर्च घटाउन लागेका छौँ ।'

## पार्टी अध्यक्षको प्रतिवेदनमा बहस जारी

**मधेशदृष्टि**
**काठमाडौ ।**
लूटकारी दलाल दलतन्त्रविरुद्ध र आमजनताको शासनसत्तामा सहभागिताका लागि तेस्रो जनआन्दोलनको उदघोषसहित आमजनता पार्टी (आजपा)का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले पेश गरेको राजनीतिक प्रतिवेदनमा चर्काचर्की बहस भएको छ ।

बुधबार दोस्रो दिन केन्द्रीय सदस्यहरुले प्रस्तावमा धारणा राखेका हुन् । मंगलबारदेखि काठमाडौको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा बैठक जारी छ । बैठकमा आजपा स्थायी कमिटी सदस्य रन्जु साहले प्रतिवेदन देश र जनताका लागि भएको बताउँदै त्यसलाई कार्यान्वयन गर्नुपर्ने बताइन् । राजनीतिक प्रतिवेदन सही भएको भए पनि त्यसमा महिला हिंसाको विषय नसमेटिएको बताउँदै साहले देश तथा विदेशमा समेत भइरहेका घटनाविरुद्ध संघर्षका कार्यक्रम पार्टीले ल्याउनु पर्ने सुझाव दिइन् । यस्तै, आजपा नेता एवम् मजदुर नेता धनकुमारी मगरले मजदुरका समस्या वर्तमान सरकारले समाधान गर्न नसकेको बताउँदै मजदुरको हकहितका लागि संघर्षका




कार्यक्रमसहित पार्टी अगाडि बढनुपर्ने सुझाव दिइन् । बैठकमा आजपा नेता एवम् कबाड ब्यवसायी संघका अध्यक्ष संजय साहले काठमाडौ महानगरले कबाड व्यवसायीलाई दिइरहेको दुःख एवम् हर्कतविरुद्ध कडा आन्दोलन आवश्यक रहेको बताए । बैठकमा आजपा स्थायी कमिटी सदस्य एवम् मुस्लिम मोर्चाका अध्यक्ष लालबाबु मंसुरले नेपालमा मुस्लिम विश्वविद्यालय स्थापनाका लागि संघर्षमा उत्रिनु पर्ने आवश्यकता रहेको बताए । यसैगरी, बैठकमा आममहिला मोर्चाका अध्यक्ष एवम् महिला नेतृ बबिता साहले महिलालाई राज्यको हरेक अंगमा ५१ प्रतिशत सहभागी हुनुपर्ने माग गरिन् । जनसंख्याका आधारमा महिलाको सहभागिता सन्तोषजनक नभएको बताउदै उनले हरेक आन्दोलन एवम् परिवर्तनमा महिलाको सहभागिता भए पनि राज्यको विभिन्न निकायमा सहभागिता नभएको बताइन् । बैठकमा आजपा नेता प्रशान्त तिमिल्सिनाले वर्तमान सरकार लुटकारी र भ्रष्ट चरित्रको भएको बताउँदै त्यसविरुद्ध छिटो आन्दोलन घोषणा गर्नुपर्ने सुझाव दिए । बैठकमा आजपा नेता देवी पण्डित, उमेश कुशवाहा, सुनिता साह, नवीन महतो, चन्दन साह, नरेश तुराहा, प्रदीप साह, रबिन्द्र सिंह, सागर पाण्डे, भानु कोइराला, केबि रावत, लखिन्द्र साह, महम्मद आरिफ, राजेश शर्मा, वीरबल महतो, रामसागर महासेठ, रमेश थपलिया, रुपबहादुर पाख्रिन, शिव थापालगायतका नेताले भ्रष्टाचार, बेथिति, कुशासनविरुद्ध आन्दोलनको विकल्प नभएको बताएको आजपा महासचिव त्रिभुवन साहले बताए ।

## राजदूत सिफारिस असमावेशी, मुद्दाको फाइल खोल्ने कि टिकटक ?

**मधेशदृष्टि**
**काठमाडौ ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद राजकिशोर यादवले सरकारले संविधान मान्नु पर्छ कि पर्दैन भनेर प्रश्न गरेका छन् ।

बुधबारको प्रतिनिधि सभा बैठकको विशेष समयमा बोल्दै उनले संविधानको आत्मा समानुपातिक समावेशी भए पनि राजदूत नियुक्ति त्यसअनुरूप किन भएन भन्दै प्रश्न गरे । उनले राजदूत सिफारिस कुनै पनि कोणले समावेशी नभएको उल्लेख गरे ।

सरकारले विभिन्न १७ मुलुकमा राजदूत सिफारिस गर्दा समानुपातिक र समावेशी सिद्धान्तविपरीत गरेको भन्दै उनले आपत्ति जनाए ।

सरकारले राजदूत सिफारिसमा समानुपातिक र समावेशी व्यवस्था उलंघन गरेको विषयले सरकार संविधान पालना गर्छ कि गर्दैन भन्ने प्रश्न उठेको पनि यादवले बताए । 'सरकारले संविधान मान्नुपर्छ कि पर्दैन ?,' उनले प्रश्न गरे, 'यदि सरकारले संविधान मान्दैन भने



भोली यो संविधान जनताले मान्दैन भन्यो भने के परिस्थिति उत्पन्न होला ?'

सरकारले अमेरिकामा लोकदर्शन रेग्मी, भारतमा शंकर शर्मा, चीनमा प्राडा कृष्णप्रसाद ओली, डेनमार्कमा सुम्निमा तुलाधर, जर्मनीमा शैल रुपाखेती, रुसमा जंगबहादुर चौहान, बेलायतमा चन्द्रकुमार घिमिरे, दक्षिण अफ्रिकामा प्राडा कपिलमान श्रेष्ठ, इजरायलमा प्राध्यापक धनप्रसाद पण्डित, मलेसियामा नेत्रप्रसाद तिमल्सिना, दक्षिण कोरियामा शिवमाया तुम्बाहाङ्फेलाई राजदूत सिफारिस गरेको छ ।

त्यस्तै, पाकिस्तानमा रीता धिताल, कतारमा रमेशचन्द्र पौडेल, पोर्चुगलमा प्रकाशमणि पौडेल, साउदी अरबमा नरेशविक्रम ढकाल, स्पेनमा सनिल नेपाल, श्रीलंकामा रामकृष्ण भट्टराईलाई राजदूतमा सिफारिस गरेको छ । १७ जनालाई राजदूत सिफारिस गर्दा दलित, मधेशी र थारुलगायतका समुदायको प्रतिनिधित्व नगरिएको भन्दै सरकारको आलोचना भइरहेको छ । यादवले सरकार भ्रष्टाचारमा संलग्न भएका भनिएकाहरूको फाइल खोल्न भन्दा पनि टिकटक खोल्नमा व्यस्त भएको टिप्पणी गरेका थिए ।

# एकीकृत उच्च शिक्षा विधेयक चाँडै ल्याउँछौँः मन्त्री



**काठमाडौँ ।**
शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री बिद्या भट्टराईले एकीकृत उच्च शिक्षा विधेयक चाँडै ल्याउने बताएकी छन् । सिंहदरबारसिथत मन्त्रालयमा बुधबार पत्रकारहरुसँग कुरा गर्दै उनले अन्य विधेयकलाई रोकेर भए पनि उच्च शिक्षा विधेयक ल्याउने उल्लेख गरिन् । 'विद्यालय शिक्षा विधेयक ल्याउन ढिला भयो । अब चाँडै विधेयक ल्याउन पहल गर्छु' उनले भनिन्, 'उच्च शिक्षा विधेयक चाँडै ल्याउनमा म सचेत छु ।' मन्त्री भट्टराईले विधेयकबारे सरोकारवाला, कानुन र अर्थमन्त्रालयसँग छलफल गर्ने बताइन् । उच्च शिक्षा विधेयक ल्याउन सके शिक्षामा सुधार ल्याउन सकिने उनले विश्वास व्यक्त गरिन् ।
मन्त्री भट्टराईले विद्यालय जस्तै विश्वविद्यालयलाई राज्य र समाजसँग जोड्नुपर्ने बताइन् । 'विश्वविद्यालय आफ्नै ऐन कानुनबाट स्वायत्त भएर सञ्चालन भएका छन् । तिनीहरुलाई हामीले राज्य र समाजसँग जोडन सकेका छैनौँ' उनले भनिन्, 'राज्य र समाजसँग जोड्न सके विश्वविद्यालयलाई अझ विशिष्टकृत र सामाजिक बनाउन सकिन्छ ।'
विश्वविद्यालयलाई राजनीतिकरणबाट टाढा राख्न राजनीतिक नेतृत्वसँग छलफल गरेको मन्त्री भट्टराईले बताइन् । उनले मन्त्रालयको चालू आर्थिक वर्षको बजेट आइसकेकाले त्यसैलाई आधार मानेर शिक्षामा सुधारका कार्यक्रम लागू गर्ने बताइन् । अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्ययोजना–२०८१ को मस्यौदा तयार गरिएको सो अवसरमा उनले जानकारी दिइन् । स्थानीय तहभित्रका बालबालिकाको आधारभूत शिक्षासम्मको पहुँचको अवस्था यकिन गर्ने, विद्यालयको नक्शाङ्कन गर्ने र विद्यालयको सेवा क्षेत्र तोक्न मस्यौदा बनाउन सुरु गरिएको मन्त्री भट्टराईले बताइन् । । उनले मस्यौदामा आवश्यक सुझावसमेत माग गरिएको बताइन् ।

**विदेशी विद्यार्थीको आकर्षण बढाइने**

मन्त्री भट्टराईले प्राविधिक र गुणस्तरीय शिक्षाका लागि नेपालमा विदेशी विद्यार्थीको आकर्षण बढाइने बताइन् । विदेशी विद्यार्थीको नेपालमा आकर्षण बढाउनेबारे जापान, चीन, अमेरिका, अस्ट्रेलिया, स्विट्जरल्यान्ड, बेलायतलगायत देशका राजदूतसँग छलफलसमेत गरेको उहाँले जानकारी दिइन् । उनले ती देशबाट आउने विद्यार्थीलाई प्रवेशाज्ञा (भिसा) चाँडै उपलब्ध गराइउने बताइन् । मन्त्री भट्टराईले विद्यार्थीलाई नेपालमै टिकाउने र बाहिर गएकालाई नेपाल फर्काउन पहल गरिने बताइन् ।

**पाँच दिनमा समकक्षता प्रदान**

मन्त्री भट्टराईले १५ दिन सम्ममा दिइने समकक्षता प्रमाणपत्र ५ दिनमा दिने व्यवस्था गरिएको जानकारी दिइन् । उनले जनक शिक्षा सामग्री केन्द्रलाई देशभर समयमै पाठ्यपुस्तक उपलब्ध गराउन निर्देशन दिएको बताइन् ।
अहिले कक्षा १० र कक्षा १२ को परीक्षामा देखिएको उत्तीर्ण दरलाई सुधार गर्न परीक्षा प्रणाली र सिकाइ प्रणालीलाई समेत सुधार गर्न जरूरी रहेको मन्त्री भट्टराईले बताइन् । उनले बालविकास शिक्षकलाई सुविधा तथा तालिमको व्यवस्था गरिने बताइन् । मन्त्रालयका सचिव विश्वबाबु पुडासैनीले शिक्षामा सुधार गर्न मन्त्रालय प्रतिवद्ध रहेको बताए । रासस

# 'अर्थतन्त्रलाई चलायमान बनाउन सबै ढोका खुला गरौँ'



**काठमाडौँ ।**
नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक श्यामकुमार घिमिरेले अर्थतन्त्रलाई चलायमान बनाउन आर्थिक विकासका लागि सम्भावनाका सबै ढोका खुला गरिनुपर्नेमा जोड दिएका छन् । संसदीय विटसँग सम्बन्धित पत्रकारसँगको भेटमा बुधबार उनले मुलुकको आर्थिक विकास र समृद्धिका लागि सरकार र निजी क्षेत्रबीचको सहकार्यमा लक्ष्य निर्धारण गरी अघि बढेको खण्डमा मात्र असल नतिजा हाँसिल गर्न सकिने बताए । प्रमुख सचेतक घिमिरेले भने, 'विकास र समृद्धिका लागि सरकार उदार हुनुपर्छ । सरकार, निजी क्षेत्र र जनतासहित सबै मिलेर पूर्वाधार निर्माणलगायतका गरेमा मात्रै चाहेको प्रतिफल हासिल गर्न सकिन्छ ।'
उनले मुलुकलाई तीव्र आर्थिक समृद्धिमा लैजान निजी क्षेत्रमा उत्साह जगाउन आवश्यक रहेको बताए । 'राज्य करले चल्छ भने निजी क्षेत्र नाफाले चल्छ । यो कांग्रेसको अवधारण हो, कसैले होइन भन्छ भने त्यसले कांग्रेसले बुझेकै छैन' उनले भने । देशलाई विकास र समृद्धिमा लैजान आर्थिक उदारवादका माध्यमबाट विश्व समुदायसँग जोडिनुको विकल्प नभएको बताउँदै प्रमुख सचेतक घिमिरेले जनसहभागिताविना सरकारले चाहेर मात्र आर्थिक उपलब्धि हाँसिल हुन नसक्ने तर्क प्रस्तुत गरे ।
कांग्रेस वर्तमान सत्ता गठबन्धनको ठूलो दल भएपनि संसद्मा पार्टीको भूमिका प्रभावकारी हुन नसकेको उनको भनाइ थियो । उनले भने, 'किन भने हामी प्रधानमन्त्रीको दल र प्रतिपक्ष पनि होइनौँ । त्यो हिसाबले हाम्रो भूमिका धेरै ठूलो नहुन सक्छ तर पनि हरेक निर्णय र प्रक्रियामा कांग्रेसको भूमिका महत्वपूर्ण र प्रभावकारी हुन्छ नै ।त्यो भूमिका निर्वाह गर्नुपर्छ ।'
अहिले पनि कांग्रेसले केही विषय र सैद्धान्तिक पक्षमा स्पष्ट हुनुपर्ने आवश्यक औंल्याउँदै प्रमुख सचेतक घिमिरेले रुग्ण उद्योग सरकारले चलाउनुपर्छ भनी आएका विषयमा राज्यले व्यापार गर्न हुन्न भन्नेमा कांग्रेस दृढतापूर्वक उभिनुपर्ने बताए । 'राज्य व्यावसायिक संस्था होइन, नियमनकारी निकाय हो । नियमनकारी र व्यावसायिक संस्था एउटै हुन सक्दैन, यसमा पार्टी स्पष्ट हुनुपर्छ । रुग्ण उद्योग सञ्चालन गर्ने नाममा फेरी सरकारले लगानी गर्नुपर्छ भन्ने कुरा उठिरहेको छ । राज्य कोषलाई त्यसरी प्रयोग गर्ने छुट छैन भन्ने कुरा पनि सँगसँगै उठिरहेको छ । यसमा कांग्रेस चनाखो हुनुपर्ने छ' उनले भने । मुलुकमा देखिएका अनियमिता र भ्रष्ट्राचारका विरुद्धमा तथा सुशासनको मामिलामा कांग्रेस दृढताका साथ उभिदै आएको र अहिले पनि सरकारबाट कतै पनि कम्जोरी हुन नदिन सक्दो सहयोग पु¥याउँदै आएको उनको स्पष्टोक्ति थियो । रासस

# सुदूरपश्चिम क्षेत्रको विकासका लागि प्रतिबद्ध छुः मन्त्री



काठमाडौँ ।
परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले मुलुकको सुदूरपश्चिम क्षेत्रको विकासका लागि आफू प्रतिबद्ध रहेको बताएकी छन् । गौरा पर्व मनाउन बुधबार धनगढी पुगेकी परराष्ट्रमन्त्री डा राणाले क्षेत्रको विकासबारे हालै भारत भ्रमणका क्रममा भारत सरकारसँग कुरा उठाएको बताइन् ।
धनगढी उपमहानगरपालिका वडा नं ४ मा निर्मित आधारभूत स्वास्थ्य केन्द्र एवं वडा कार्यालय भवनको उद्घाटन गर्दै उनले सो धारणा राखेकी हुन् । आफ्नो हालै सम्पन्न भारत भ्रमणका क्रममा यहाँको गौरीफन्टा नाकालाई पूर्ण क्षमताका साथ सञ्चालन गर्नेगरी स्तरोन्नति गर्ने विषयमा आफूले कुरा राखेको उनले जानकारी गराइन् ।
मन्त्री डा राणाले भनिन्, 'केही वर्षमात्र अघि पनि तत्कालीन प्रधानमन्त्री श्रद्धेय शेरबहादुर देउवा भारत भ्रमण गएका बेला यो नाकाका बारेमा कुरा राख्नुभएको थियो । यो नाका हाम्रो सुदूरपश्चिम क्षेत्रकै एक 'लाइफा लाइन' नै हो । त्यसैले यस पटकको भ्रमणमा मैले हाम्रा तर्फबाट यस विषयमा कुरा राखेको छु । भारतीय पक्षबाट पनि केही लिखित प्रस्ताव आओस् भन्ने कुरा आएको छ । हामी यो नाकाको स्तरोन्नति गरी पूर्ण क्षमतामा सञ्चालन गर्नेगरी प्रक्रिया अघि बढाउने छौँ ।'
त्यसैगरी भारत भ्रममणकै क्रममा धनगढीको फाप्लुमा निर्माण हुने बहुउद्देश्यीय खेलमैदानका विषयमा पनि आफूले कुरा उठाएको उनले जानकारी दिइन् । मन्त्री राणाले बिगत लामो समयदेखि नै नेपाली कांग्रेसको नेतृत्वको सरकारले नेपालमा विकास निर्माणका कामहरू गर्दै आएको स्मरण गर्दै स्थानीय सरकारलाई बलियो बनाउने गरी संवैधानिक व्यवस्था गर्ने, स्थानीय सरकारलाई सशक्त र सुविधासम्पन्न बनाउने एवं महिलाको प्रतिनिधित्वसहित समावेशी प्रकृतिको स्थानीय सरकार बनाउने अभियानको नेतृत्व कांग्रेसले नै गरेको चर्चा गरिन् ।
भवन तथा अन्य संरचनाहरुको निर्माण पनि एक प्रकारको विकासको सूचक भएको बताउँदै उनले निर्माण भएका यी सरकारी सम्पत्तिको संरक्षण गर्न तथा समय समयमा तिनको मर्मत सम्भार गर्नुपर्नेमा जोड दिइन् । उनले कुनै पनि संरचना निर्माण गरेर मात्र नहुने र ती भवन अथवा संरचनाहरूबाट नागरिकले स्थानीय स्तरमा दिइने सेवा सुविधाहरू प्राप्त गर्न पाउनुपर्ने धारणा पनि राखिन् ।
धनगढी उपमहानगरपालिकामा विकास निर्माणका कामहरू भइरहेका बताउँदै मन्त्री डा राणाले भनिन्, 'विकास निर्माण एक प्रक्रिया हो र यो विस्तारै हुँदै जान्छ । यस उपमहानगरमा यहाँका मेयरको नेतृत्वमा विकासका कामहरू भइरहेका छन्, मलाई खुसी लागेको छ ।' रासस

# नवनिर्वाचित पदाधिकारीहरुलाई सम्मान



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
रामजानकी सुड़ी कुटीका नव निर्वाचित अध्यक्ष लगायत अन्य सदस्यहरुलाई सम्मान गरिएको छ । नेपाल वैश्य कल्याण महासंघका अध्यक्ष अमरनाथ गुप्ताको अध्यक्षतामा गायत्री सेवा सदन सभागृहमा उनीहरुलाई सम्मान गरिएको हो । रामजानकी सुड़ी कुट्टीका नवनिर्वाचित अध्यक्ष राम वलक महतो, सदस्यहरू पुनम साह, विनोद साह, सन्तोषकुमार साह, सन्तोषकुमार महतो, धर्मेन्द्रकुमार साह, अरुणकुमार नायक, सुजितकुमार महतो, श्यामसुन्दर साह, नरेश महासेठ र रामप्रित महतोलाई अंगवस्त्रले सम्मान गरेका थिए ।
सो अवसरमा नेपाल वैश्य कल्याण महासंघका राष्ट्रिय उपाध्यक्ष श्रीचन्द्र महासेठ, महासचिव रामजी प्रसाद साह, धनुषा जिल्ला अध्यक्ष श्याम साह, मारवाड़ी सेवा समितिका अध्यक्ष निर्मल चौधरी, तेली कल्याण समाज धनुषाका अध्यक्ष ललित साह, व्याहुत कलवार सेवा समितिका अध्यक्ष श्याम प्रसाद साह, कैथवानिया समाजका अध्यक्ष विनोद दास, नागवंशी चौरसिया समाजका अध्यक्ष प्रदीप भगत, कानु समाजका अध्यक्ष राजकुमार साह, व्याहुत सुड़ी समाजका अध्यक्ष चन्देश्वर प्रसाद साह, नेपाल वैश्य कल्याण महासंघ उदयपुरका अध्यक्ष राजेन्द्र प्रसाद साहलगायतको उपस्थिति रहेको थियो ।

# पटनामा कवीर धर्म गुरु सम्मेलन सम्पन्न



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
भारतीय कवीर धर्म परिषदद्वारा पटनामा सरकारी स्तरीय कवीर धर्म गुरु सम्मेलन सम्पन्न भएको छ ।
बिहारका गवर्नर महामहिम राजेन्द्र विश्वनाथ आर्लेकरको प्रमुख आतिथ्यतामा सम्मेलन सम्पन्न भएको हो । उक्त सम्मेलनमा बोल्दै गवर्नर राजेन्द्र विश्वनाथ आर्लेकरले आजको समयमा कविरको विचारलाई आत्मसात गर्न आवश्यक रहेको बताए । उनले जातीय र छुवाछुत उन्मूलनका लागि आफ्नो दोहा (बीजक)बाट समाजलाई राम्रो सन्देश दिएका उल्लेख गर्दै हिन्दू र मुस्लिमको पाखण्डको विरुद्धमा खुलेर आफ्नो विचार व्यक्त गरेको बताए ।
भारतीय कवीर धर्म परिषद्का अध्यक्ष आचार्य महन्त सुरेशदास साहेबले कविर धर्मको स्थापना गरेर मात्र विश्वमा शान्ति स्थापना हुने बताए । परिषदका सल्लाहकार जनकपुरधाम कवीर वाल अनाथ आश्रमका महन्त सत्यनारायण आलोकले नेपाल र भारतका कवीरपन्थीको आपसमा सम्बन्ध स्थापित हुने विश्वास व्यक्त गरे । जनकपुरधामदेखि मगहर बनारससम्म कवीर मार्ग स्थापना र कवीर विश्वविद्यालय स्थापनालगायतका विषयमा पनि उनले आफ्नो विचार व्यक्त गरे । मनभंज साहेबको अध्यक्षतामा भएको उक्त कार्यक्रममा बिहार धार्मिक न्यास परिषद्का पूर्व अध्यक्ष किशोर कुणाल तथा भारतका अग्रणी कवीर मठका महन्तहरुको सहभागिता रहेको थियो ।

# स्रोत नखुलेको रकमसहित भारतीय नागरिक पक्राउ



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको सदरमुकाम गौरस्थित भन्सार एरियामा सशस्त्र प्रहरीको गस्ती टोलीले स्रोत नखुलेको नेपाली चार लाख अबैध रुपैयाँसहित एक जना भारतीय नागरिकलाई पक्राउ गरेको छ । सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म गौरका प्रमुख डिएसपी राजेश कुमार श्रेष्ठको नेतृत्वको टोलीले अबैध चार लाख रुपैयाँसहित भारत बिहार सीतामढी जिल्ला भटौलिया ग्राम पञ्चायत ५ का ६१ बर्षीय इसमाइल मियाँलाई पक्राउ गरेको हो ।भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका मियाँमाथी शंका लागि चेकजाँच गर्दा पाइन्टको पकेटमा लुकाई राखेको उक्त रुपैयाँ बरामद भएको सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी बिक्रम हुमागाईंले जानकारी दिए । बरामद अबैध रुपैयाँसहित भारतीय नागरिक इसमाइल मियाँलाई आवश्यक कारवाहीको लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

# तराईमा पनि कोदोको उत्पादन गर्न परीक्षण



**नेपालगञ्ज ।**
बाँकेको चिसापानीस्थित गाभर उपत्यकामा नौ प्रकारका कोदोको उत्पादन गर्न परीक्षण शुरु गरिएको छ । राष्ट्रिय जिन बैङ्कको सहकार्यमा तराईमा हुने कोदोको परीक्षण शुरु भएको सामुदायिक जिन बैङ्क कोहलपुरका संयोजक परमुल बस्नेतले जानकारी दिए । 'करिब दुई कट्ठा क्षेत्रफलमा अलग–अलग प्लट बनाएर नौ जातका कोदोको परीक्षण गर्न कोदो रोपिएको छ', संयोजक बस्नतेले भने ।
गएको साउन १६ गते कोदोको बीउ राखेर केही दिनअघि मात्रै कोदो रोपिएको हो । नौ जातका कोदो रोपिएको र सोमध्ये सबैभन्दा राम्रो कोदो किसानलाई रोप्न प्रेरित गरिने उल्लेख गर्दै उनले पूर्वी तराईका जिल्लामा सफल भएका स्थानीय जातको परीक्षण सुरु भएको बताए । राष्ट्रिय जिन बैङ्का प्राविधिक अधिकृत प्रदीप थापाले रैथाने बालीको संरक्षणका लागि सुक्खा ठाउँमा समेत कोदो जस्तो रैथाने बाली लगाउन मिल्ने गरी यसको परीक्षण भएको उल्लेख गरे । परीक्षण गरिएका नौमध्ये पाँच जिन बैङ्कले परीक्षणमार्फत उत्कृष्ट देखिएका, दुईवटा नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले विकास गरेका र अन्य दुई किसानका जात रहेका छन् ।
अहिले लगाएको कोदोको प्रतिफल मङ्सिरसम्म आउने बताइएको छ । विसं २०७८ मा चिसापानीको गाभरमा सरकारले पहिलो सामुदायिक जिन बैङ्क स्थापना गरेको थियो । गाभरमा कोदो उत्पादनको प्रशस्त सम्भावना रहेको घरबास सञ्चालक सङ्घका महासचिव कृष्ण चौधरीले बताए । उनले हालसम्म नार्कले तराईमा समेत लगाउन सक्ने कोदोको जातको विकास गरेको बताए । रासस

## सम्पादकीय

# मधेशको शिक्षा किन कमजोर ?

*मधेश शिक्षाको क्षेत्रमा सदैव अग्रणी स्थान बोकेको भूगोलका रुपमा परिचित थियो । यसको खास कारण के भने मधेशमा सदैव शिक्षाप्रति जगरुक र सचेत थिए । पहाडी क्षेत्र भन्दा पनि मधेशको जिल्ला सुगमता भएका कारणसमेत शिक्षाका लागि चाहिने वातावरण सहज थियो । तर आज मधेशको शिक्षाको अवस्था हेर्न हो भने निकै दयनीय अवस्थामा छ । खास गरी तराईका जिल्लामा मधेश साक्षरता अवस्था मधेशमा कमजोर बन्दै गएको देखिन्छ । देशभर विज्ञान, गणित र अंग्रेजीका शिक्षक मधेशबाटै परिपूर्ति हुने गरेको थियो । मेडिकल र इञ्जियरिङमा समेत मधेशका विद्यार्थीको अग्रस्थान हुन्थ्यो तर मधेश प्रदेशको अहिलेको अवस्था हेर्न हो भने ती सबै कुरा एकादेशको कथा जस्तो लाग्छ । विशेष गरेर मधेशको जिल्लामा विद्यालय आवतजावत गर्न कुनै कठिनाइको अवस्था थिएन भने मधेशका बासीमा समेत शिक्षाप्रतिको लगाव देखिएको थियो । त्यसकारण मधेशका विद्यालय धेरै गुणवता शिक्षाका लागि प्रख्यात थियो । तर मधेश आन्दोलनपछि मधेशको शिक्षा व्यवस्था निकै समस्यामा खस्किएको छ । सरकारी विद्यालय सुक्र थालेका छन् भने क्याम्पसको पठनपाठनसमेत खस्कँदो अवस्थामा छन् । मधेशको जिल्लामा साक्षता अवस्थासमेत कमजोर भएका छन् ।*

*नेपालको साक्षरता दर ७६ प्रतिशत रहेकोमा मधेश प्रदेशको सबैभन्दा कम ६३ प्रतिशत मात्रै रहेको भने शिक्षा समेत इन्डिकेटर मानिने मानव सूचकांक पनि धेरै न्यून शून्य दशमलव ५११ मात्र छ । मधेशको शिक्षाको अवस्थालाई कर्णालीसँग तुलना गरिने गरिन्छ । कर्णालीको शिक्षा अवस्था र मानवसूचकांक जस्तो छ, यस्तै अवस्था मधेश प्रदेशको समेत रहेको छ । हिजो समय पहाडी भेगमा शिक्षा पाउन कठिनाइ भइरहेको अवस्थामा अहिले पहाडी भूभागमा शिक्षाको अवस्था सबल बन्दै गएको छ भने मधेशको अवस्था कमजोर बन्दै गएको छ । सरकारी लगानीसमेत शिक्षामा बढिरहेको भए पनि अवस्थामा भने कुनै सुधार देखिएको छैन । त्यसकारण आज मधेशको शिक्षा व्यवस्था तहसनहस भएको छ । आज सरकारी विद्यालयको अवस्था मात्रै खस्कँदो अवस्थामा छैन, क्याम्पसको समेत पठनपाठन हुन थालेको वर्षौं भइसकेको अवस्था छ । क्याम्पसमा कर्मचारीको अभाव हुँदै आएको छ भने भएका कर्मचारीहरुसमेत शिक्षाको सुधार गर्नुको साटो घरमै बसेर तलब खाने प्रवृत्ति देखिएको छ । जसले मधेसको शिक्षा अवस्थालाई बदनाम गरिदिएको छ ।*

*यसको प्रमुख कारणमध्ये एउटा कारण राजनीतिक इच्छाशक्ति अभाव र दलहरुबीच शिक्षाको सुधारप्रति उदाशीनता रहेको छ । कहिल्यै पनि राजनीतिक नेतृत्व र सरोकारवालाले गम्भीरतापूर्वक शिक्षा सुधारका लागि बहस नै गरेनन्, जसकारण शिक्षाको अवस्था दिनप्रतिदिन धरासायी बन्दै आएको छ । आज मधेशको शैक्षिक अवस्था किन कमजोर भयो, यसका लागि चिन्तन गर्ने कुनै व्यक्ति तयार छैन । अहिले त झनै तीन तहको सरकार छ ।*

*संघीय सरकारले हिजो अगाडि बढ्न दिएन भन्ने आरोप लगाउनेहरु आज मधेशको सरकार चलाइरहेका छन् । तर पनि शिक्षाको अवस्थामा सुधार आउनसकेको छैन । यसको जिम्मेवारी कसले लिने, त्यो आफ्नो ठाउँमा होला तर एउटा सत्य के हो भने कुनै पनि सरकारका लागि शिक्षा सुधार प्राथमकितामा परेको देखिदैँन । सबै भौतिक पूर्वाधार विकासमा मात्रै लागेका छन् । जसकारण मधेश शिक्षामा कमजोर बन्दै गएको हो । तीन तहकै सरकार हुँदासमेत शिक्षा कमजोर हुनु दुःखद हो । त्यसकारण शिक्षा सुधारको थालनी गर्नुपर्ने आवश्यकता छ । त्यो भएको खण्डमा मात्रै जनतामा संघीयताको अनुभूति आउने छ । शिक्षा धरासायी भएको अवस्थामा हामीले सबल संघीयताको कल्पनासमेत गर्न सक्दैनौँ । त्यसकारण यसप्रति सचेत हुनुपर्ने आवश्यकता छ । सबै व्यक्ति शिक्षा सुधारका लागि आआफ्नो स्थानबाट हातेमालो गरौँ ।*

# पारालम्पिकमा नेपालको सहभागिता र सम्भावना



राजु सिलवाल

**काठमाडौँ।**
फ्रान्सको राजधानी पेरिसमा सम्पन्न गृष्मकालीन ओलम्पिकमा नेपालको सहभागिता खासै उल्लेखनीय नभएपछि अब सबैको ध्यान १७ औँ गृष्मकालीन पारालम्पिकमा गएको छ। शारीरिक अपाङ्गता तथा फरक क्षमता भएका खेलाडीहरुको यो विश्वव्यापी प्रतियोगिता आज भदौ १२ देखि भदौ २३ गतेसम्म पेरिसमै सञ्चालन हुँदैछ। यो बृहत् खेलकुद प्रतियोगितामा सहभागी हुनका लागि उमेरको कुनै बन्देज लगाइएको छैन। साधारणतया १८ देखि ३० वर्षका खेलाडीहरुले यो प्रतियोगितामा भाग लिएका छन्। यसपटक शरणार्थी टोलीसहित करिब एक सय ७० वटा टोलीको सहभागिता हुँदैछ । सहभागीहरुले विभिन्न २२ वटा खेलका पाँच सय ४९ इभेन्टसमा प्रतिस्पर्धा गर्नेछन्।

नेपालका लागि पारालम्पिकमा सहभागिता नौलो होइन। सन् २००४ देखि नेपालका तर्फबाट निरन्तर रुपमा खेलाडीहरु यसमा सहभागी भइरहेका छन्। नेपालले पहिलोपटक सन् २००४ मा ग्रिसको राजधानी एथेन्समा आयोजित पारालम्पिकमा एक खेलाडी पठाएको थियो । त्यतिखेर निर्मला ज्ञवालीले एथलेटिक्सको सटपुट इभेण्टमा भाग लिएकी थिइन् । सन् २००८ को बेइजिङ पारालम्पिकमा नेपाली धावक जीतबहादुर खड्काले एक सय मिटर दूरीको दौडमा भाग लिएका थिए । २०७२ सालको भूकम्पमा परी उनको दुःखद निधन भएको थियो। सन् २०१२ मा बेलायतको लन्डनमा आयोजित पारालम्पिकमा मैंया बिसुङ्खे, विक्रमबहादुर राना र मानबहादुर तामाङ दौडेका थिए। धावक राना र पौडीवाज लक्ष्मी कुवँरले सन् २०१६ मा ब्राजिलको रियो दी जेनेरियोमा पारा ओलम्पिकमा भाग लिएका थिए। सन् २०२१ मा टोकियोमा सम्पन्न पारालम्पिकमा पलेशा गोवद्र्धनले तेक्वान्दो खेलमा सहभागिता जनाएकी थिइन्। यसपालि पलेशासहित तीनजना खेलाडीले नेपालको प्रतिनिधित्व गर्दैछन् । नेपालका तर्फबाट तेक्वान्दोमा दुईजना र पौडीमा एकजनाले भाग लिँदैछन्।

**खेल अधिकारीको अपेक्षा**

यस पटकको पारालम्पिकमा नेपाल पहिलोपटक छनोट चरण पार गरेर सहभागी भइरहेको छ । तेक्वान्दो खेलाडी पलेसा गोबद्र्धनले चीनमा पारा ओलम्पिकको एसियन छनोटमा महिलाहरुको ५७ केजीमुनि तौल समूहमा स्वर्ण पदक जितेर पारा ओलम्पिकमा सहभागिता सुनिश्चित गरेकी थिइन्। उनले फाइनलमा इरानी खेलाडी लेल्ला मिर्जाइलाई ५–४ ले पराजित गरेकी थिइन् । त्यसअघि पलेसाले सेमिफाइनलमा उज्वेकिस्तानकी खेलाडी करिमा मेलिकुजिएभालाई १८–२ ले पराजित गर्दै फाइनलमा पुगेकी थिइन् । राष्ट्रिय खेलकुद परिषद्का सदस्य–सचिव टङ्कलाल घिसिङ पेरिसमा पलेशाको राम्रो सम्भावना भएको बताउनुहुन्छ । लन्डनमा करिव एक महिनासम्म प्रशिक्षण गरेकी पलेशाले टोकियोमा भन्दा यसपालि अझ उत्कृष्ट प्रदर्शन गर्ने धारणा उहाँले व्यक्त गर्नुभयो । पलेशाको प्रशिक्षकका रुपमा पेरिस पुग्नुभएका प्रशिक्षक कविराज नेगी लामा यसपालि नयाँ इतिहास रच्न आफूहरु प्रयत्नरत रहेको कुरा बताउनुहुन्छ। सन् २००८ को बेइजिङ ओलम्पिकमा खुल्ला प्रतियोगिताद्वारा छनोट भएर प्रतिस्पर्धा गर्नुभएका पूर्वओलम्पियन दीपक विष्ट पनि पलेशाको आगामी प्रदर्शनप्रति आशावादी हुनुहुन्छ।

नेपालका तर्फबाट पेरिस पारालम्पिकमा अर्का तेक्वान्दो खेलाडी भरत महताले पनि भाग लिइरहेका छन्। उनी भने वाइल्ड कार्ड कोटाबाट ओलम्पिकमा प्रवेश पाउन सफल भाग्यमानी खेलाडी बनेका छन्। उनले पुरुषहरुको ५८ केजी तौल समूहमा सहभागिता जनाउने छन् । उनी यसअघि पनि अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा भाग लिइसकेका खेलाडी हुन् । पारालम्पिकमा नेपालका तर्फबाट पौडीमा पनि सहभागिता जनाइँदैछ। यसका लागि नेपाललाई वाइल्ड कार्ड प्राप्त भएको थियो । पारा स्विमर भीमबहादुर कुमालले पुरुषहरुको ५० मिटर दूरीको फ्री स्टाइलमा भाग लिँदैछन्। उनले ५० मिटर दूरीको फ्री स्टाइलमा ३३.३४ सेकेन्ड समय अवधिको राष्ट्रिय रेकर्ड कायम गरेका थिए। उनले दुईपटक एसियाली पारा खेलकुदमा भाग लिइसकेका छन्। सन् २०१९ मा लन्डनमा सम्पन्न विश्व पारा स्विमिङ प्रतियोगितामा पनि उनले भाग लिएका थिए।

**विगतका उपलब्धि**

नेपालले झन्डै ५० वर्षदेखि फरक शारीरिक क्षमता भएकाहरुको अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगतामा सहभागिता जनाउँदै आइरहेको छ। नेपालले सन् १९७५ मै जापानमा आयोजित अन्तर्राष्ट्रिय अपाङ्ग खेलकुद प्रतियोगितामा स्वर्ण पदक जितेको थियो । त्यतिखेर नेपालबाट सहभागी सूर्यकुमारी गुरुङले एक सय मिटर दूरीको दौडमा प्रथम स्थान हासिल गरेकी थिइन् । नेपालका दृष्टिविहीन खेलाडीहरुले क्रिकेटको विश्वकप स्तरसम्म हासिल गरेको उपलब्धि पनि नेपालको खेलकुदको इतिहासमा उल्लेखनीय मानिएको छ। नेपालका शारीरिक अपाङ्गता तथा फरक क्षमता भएका अन्य खेलाडीले पनि बेलाबखत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा पदक पाएका छन् । गत टोकियो पारालम्पिकमा पहिलोपटक तेक्वान्दोलाई पनि प्रतियोगिताका रुपमा समावेश गरिएको थियो । त्यस प्रतियोगितामा नेपालबाट सहभागी भएकी एक मात्र खेलाडी पलेशा गोवद्र्धनले महिलाहरुको ५८ केजी तौल समूहमा कास्य पदक पाउने सम्भावनाको नजिक पुगेर पनि गुमाउन बाध्य भएकी थिइन्। उनी रिपेचेज फाइनलमा चीनका युजी लिसँग १२–९ अङ्कले पराजित भएकी थिइन्। पहिलो राउन्डमा उनले ४–२ अङ्कले अग्रता लिई पदकको सम्भावना देखाएकी थिइन्। पहिलो खेलमा बेलायतकी बेथ मुनरोसंँग हारे पनि उनले रिपेजको क्वाटरफाइनलमा अमेरिकाकी ब्रियान्ना सालिनारालाई १०–० अङ्क तथा सेमी फाइनलमा सर्बियाकी मारिजा मिसेभले २३–१५ अङ्कको अन्तरले हराउँदै मुलुकको छवि उंँचो बनाएकी थिइन्। हाल चीनमा इन्जिनियरिङ अध्ययन गरिरहेकी पलेशा आफ्नो अध्ययन केही समय छोडेर भए पनि मुलुकका लागि पहिलो पारालम्पिक पदक भित्र्याउने लक्ष्यसहित पेरिस पुगेकी छिन्।

**ओलम्पिक जस्तै**

सन् १९८८ मा दक्षिण कोरियाको राजधानी सियोलमा आयोजित गृष्मकालीन ओलम्पिकदेखि ओलम्पिक आयोजना भएको सहर तथा खेल स्थलमा पारा गृष्मकालीन ओलम्पिक सुरु भएको थियो । यसैगरी, सन् १९९२ मा फ्रान्सको अल्बर्टभिल्लेदेखि हिउँदे ओलम्पिक पनि एउटै सहरमा हुने क्रम सुरु भएको थियो। शारीरिक अपाङ्गता तथा फरक क्षमताका खेलाडीहरुबीच हुने प्रतियोगिता भए तापनि पारालम्पिक तथा ओलम्पिकका लागि आयोजक मुलुकले उत्तिकै प्राथमिकता दिँदै आइरहेका छन्। ओलम्पिकमा प्रतियोगिता सञ्चालन भएका रङ्गशाला तथा खेल स्थलहरुमा नै पारालम्पिकका प्रतियोगिताहरु सञ्चालन गर्ने गरिएको छ । यसैगरी, खेलाडीहरुको लागि बसोबासको व्यवस्था तथा अन्य सुविधाहरु पनि ओलम्पिकको जस्तै दिने व्यवस्था मिलाइएको छ । पेरिसमा हालै सम्पन्न गृष्मकालीन ओलम्पिकको उद्घाटन समारोह रङ्गशालाभन्दा बाहिर आयोजना गरिएको थियो। पारालम्पिकको उद्घाटन पनि रङ्गशाला बाहिर नै आयोजना गरिँदैछ।

**इतिहास**

पारालम्पिक प्रत्येक चार वर्षमा ओलम्पिक प्रतियोगितालगत्तै आयोजना हुने विश्वस्तरीय खेलकुद प्रतियोगिता हो । सन् १९४८ मा बेलायतको लन्डनमा आयोजित ओलम्पिक खेलकुदमा पहिलोपटक ह्विलचियर प्रयोग गर्ने खेलाडीहरुलाई पनि सहभागीका रुपमा पनि समावेश गरिएको थियो । उनीहरुले आर्चरी खेलमा भाग लिएका थिए।

अन्तर्राष्ट्रिय पारालम्पिक कमिटीका अनुसार सन् १९६० मा इटलीको रोममा पहिलोपटक पारालम्पिक खेलकुदको आयोजना गरिएको थियो। यसमा २३ देशका चार सयजना खेलाडीले भाग लिएका थिए। त्यसपछि हरेक चार वर्षमा पारालम्पिक खेलकुद प्रतियोगिताको आयोजना हुँदै आइरहेको छ । सन् १९७६ मा स्विडेनमा पहिलो हिउँदे खेलकुद आयोजना हुनुलाई पारालम्पिकको इतिहासमा कोसेढुङ्गा मानिएको छ।

**घरभित्रको विवाद**

नेपालमा शारीरिक अपाङ्गता र फरक क्षमता भएका खेलाडीहरुको सर्वाङ्गीण हितका लागि गठन भएका खेलकुदसम्बन्धी कमिटीबीच नै आपसमा विवाद रहेको छ। पारालम्पिकसम्बन्धी दुईवटा कमिटी भएको कारणले विवाद चुलिएको हो। केही समयअघि राष्ट्रिय खेलकुद परिषद्को त्रिपुरेश्वरस्थित कभर्ड हलमा पारा तथा विशेष खेलकुदको उद्घाटन समारोहमै आपसी विवादका कारण असामान्य स्थितिको सिर्जना भएको थियो। सन् १९७५ मा जापानमा अन्तर्राष्ट्रिय अपाङ्ग खेलकुद प्रतियोगितामा स्वर्ण पदक जित्नुभएकी सूर्यकुमारी गुरुङले नेतृत्व गरिरहनुभएको पारालम्पिक कमिटी राष्ट्रिय खेलकुद परिषद्मा दर्ता रहेको छ । यसैगरी, अन्तर्राष्ट्रिय मान्यता प्राप्त नेसनल पारा ओलम्पिक कमिटीको नेतृत्व राधा घलेले गरिरहनु भएको छ।

नेसनल पारालम्पिक कमिटीले सन् २००० देखि नेसनल पारा स्पोर्टस एसोसिएसनका नामबाट नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको खेलकुदको क्षेत्रमा कार्य गर्दै आइरहेको छ। सन् २००४ देखि उक्त एसोसिएसनलाई इन्टरनेसनल पारालम्पिक कमिटीले मान्यता प्रदान गरेको थियो । यसैक्रममा नेपालले पहिलोपटक एथेन्समा सन् २००४ मा आयोजना भएको पारालम्पिकमा सहभागिता जनाएको थियो । नेपालमा फरक क्षमताका खेलाडीहरुका लागि लागि खासै प्राथमिकता दिएको पाइँदैन। यस्ता खेलाडीहरुको यथोचित मात्रामा नियमित प्रशिक्षण हुन सकेका छैनन्। विशेष खेलकुद प्रतियोगिताका नामबाट खेलकुद प्रतियोगिता हुने गरेको भएता पनि उनीहरुको सर्वाङ्गीण विकासका लागि खेलकुद लक्षित योजना सञ्चालन हुन सकेका छैनन् । यस्ता खेलाडीहरुका लागि अनुकूल खेलस्थलको अभाव छ । प्रशिक्षण प्राप्त प्रशिक्षकहरुको व्यवस्था गर्न सकिएको छैन। पारालम्पिक जस्ता प्रतियोगितामा नियमित सहभागिता गराउने सम्बन्धित निकायले अब पदक लक्षित योजना बनाउन प्राथमिकता दिनुपर्ने देखिएको छ। नेपालको खेलकुदको यस्तो अवस्था भइरहँदा दक्षिण एसियाकै विभिन्न मुलुकले भने पारालम्पिकमा स्वर्ण पदकसमेत हासिल गरिसकेका छन् । सन् २०२१ मा जापानमा पारालम्पिकमा दक्षिण एसियाली मुलुकहरुमध्ये भारतले पाँचवटा स्वर्णसहित कूल १९ वटा पदक जितेको थियो । यसैगरी, श्रीलङ्का तथा पाकिस्तानले एक–एक स्वर्ण पदक जितेको थियो । यस्तो अवस्थामा नेपालले कहिले हिउँदे पारालम्पिकमा सहभागिता जनाउने हो प्रतीक्षाको विषय बनेको छ। रासस

## प्रचण्डले गर्ने ‘नेतृत्व हस्तान्तरण’, ओलीले बनाउने ‘महिला प्रधानमन्त्री’

# ओलीले महिला प्रधानमन्त्रीको ‘पासा’ फ्याँक्नुका ३ कारण



सीताराम बराल

प्रतिनिधि सभाको सबैभन्दा ठूलो दल भइकन पनि गत हप्ता समाचारको शीर्षस्थानमा नेपाली कांग्रेस रहेन। हो, भारत भ्रमणमा रहेकी काङ्ग्रेस केन्द्रीय सदस्य डा. आरजु राणाले चर्चा पाइन् । तर, चर्चाको कारण परराष्ट्रमन्त्रीका रूपमा उनले गरेको भ्रमण र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँगको भेट थियो। यसमा नेपाली कांग्रेस पार्टीको कुनै योगदान थिएन। बरु दुई प्रमुख कम्युनिस्ट दलहरू– एमाले र माओवादी केन्द्र एवं यी पार्टीका अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल (प्रचण्ड) चर्चाको शिखरमा रहे।

नेतृत्व हस्तान्तरणका लागि उपमहासचिव जनार्दन शर्माले दिएको चुनौती र चुनौती टार्न फर्काएको जवाफ प्रचण्डको चर्चाको कारण बन्यो।शनिबार (८ भदौ) युथ ‘कन्क्लेभ’ कार्यक्रममा ‘अब मैले महिला प्रधानमन्त्री बनाउन चाहेको छु’ भन्ने प्रधानमन्त्रीको रोचक अभिव्यक्ति त अहिलेसम्म चर्चामै छ।

विगत ३६ वर्षदेखि पार्टी नेतृत्वमा रहेका प्रचण्डले पार्टीका आन्तरिक कार्यक्रममा ‘नेतृत्व हस्तान्तरण’ गर्ने बताउनु र पार्टीको विधान नै संशोधन गरेर आजीवन अध्यक्ष बन्ने मार्ग तय गरेका ओलीले ‘अब महिला प्रधानमन्त्री बनाउनेतिर सोच्दैछु’ भनिदिएपछि चर्चा पाउनु स्वाभाविक हो । जसरी प्रचण्डले जे बोल्छन्, माओवादीको ठूलो पंक्तिलाई अझै पनि त्यही अन्तिम सत्य हो जस्तो लाग्छ, त्यसरी नै पार्टीभित्र देवत्वकरण गरिएका ओलीका भनाइ एमालेका अधिकांश नेता–कार्यकर्ताहरूलाई ‘ब्रह्मवाक्य’ जस्तै लाग्नु स्वाभाविक हो।

तर, प्रश्न यो हो– के नेतृत्व हस्तान्तरणको वातावरण तयार पार्न प्रचण्डले पार्टीभित्र व्यवस्थित प्रणाली र नेतृत्व समूह तयार गर्लान्? अनि, पाखुरी चलिरहेकै बेला आफूलाई बालकोटमा सीमित गरेर ओलीले महिला प्रधानमन्त्री बन्ने बाटो खोल्लान् ?

**घ्यारघ्यार नहुञ्जेलसम्मै प्रचण्ड**

माओवादी सशस्त्र संघर्षमै रहेका बेला प्रचण्डले ०६१ को फुन्टिवाङ (रोल्पा) बैठकमा ‘एक्काइसौँ शताब्दीमा जनवादको विकासबारे’ शीर्षकको प्रतिवेदनमार्फत् नेतृत्व हस्तान्तरण सम्बन्धी प्रस्ताव अघि सारेका थिए। प्रतिवेदनमा निकालिएको थियो– ‘बुढ्यौली र रोगले थलिएर घ्यारघ्यार नहुञ्जेल मुख्य नेतृत्व पार्टी–सत्तामा रहने गरेकाले पनि समाजवादी सत्ताहरू ढलेको हो।’

यो निष्कर्षको आसय अशक्त हुनुअगावै मूल नेतृत्वले नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्नुपर्छ, नेतृत्वको नयाँ पुस्ताचाहिँ योजनाबद्ध हिसाबले पहिल्यैदेखि तयार पार्दै लगिनुपर्छ भन्ने थियो। डा. बाबुराम भट्टराईबाट चुनौती सिर्जना महसुस गर्न थालेसँगै प्रचण्डले पार्टी बैठकमा यस्तो प्रस्ताव अघि सारेका थिए।

देउवा र ओलीसँग तुलना गर्ने हो भने प्रचण्डको ‘व्यक्तिगत स्वास्थ्य’ तैबिसेक होला । तर माओवादी केन्द्रको स्वास्थ्य अवस्था भने ‘घ्यारघ्यार’ को स्थितिमा छ। २०५२ बाट सुरु उथलपुथलकारी जनयुद्धबाट गणना गर्ने हो भने माओवादीको उमेर ३० वर्ष पनि पुगेको छैन। तर, मकवानपुरमा बाँधेको भैँसीले हान्दा भुक्लुकै ढलेको त्यो बिचरो बाघजस्तै घ्यारघ्यारको स्थितिमा पुगिसकेको छ, प्रचण्डले नेतृत्व गरेको माओवादी।

पहिलो संविधान सभा (२०६४) मा ‘जंगलको राजा’ भनी बाघको को हैसियतमा रहेको माओवादी अहिले यो स्थितिमा किन र कसरी पुग्यो, त्यसको कारण प्रचण्ड जान्न चाहँदैनन् । बताइदिन खोज्नेको कुरा सुन्न पनि चाहँदैनन्।

जनयुद्धले जुन उचाइ प्राप्त ग¥यो र पहिलो संविधान सभा निर्वाचनबाट ‘राजनीतिक शेर’ बन्यो, यसको पहिलो श्रेय निसन्देह प्रचण्डलाई जान्छ । तर, त्यसपछि भइरहेको माओवादीको पटक–पटकको विभाजन, नेताहरूको बहिर्गमन र अहिलेको दुःखद् हविगतका मुख्य कारण पनि उनै हुन्।

माधव नेपालले ‘एक्काइसौँ शताब्दीमा जनवादको विकासबारे’ दस्तावेज लेखेका होइनन् । नलेखे पनि पहिलो संविधान सभा निर्वाचनमा पार्टीको शर्मनाक पराजयपछि आफ्नो पार्टी पनि असमयमै घ्यारघ्यारको स्थितिमा नजाओस् भनेर उनले पार्टी महासचिवबाट राजीनामा दिएका थिए । तर, माओवादी दोस्रो संविधान सभा निर्वाचन (२०७०) पछि सधैँ–सधैँ तेस्रो स्थानमा छ। उसको मत प्रतिशत निरन्तर ओरालो लागिरहेको छ । २०७९ को निर्वाचनमा झण्डै चौथो स्थानमा पुगेको थियो । थोरै मतले मात्र उसलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले उछिन्न नसकेको हो। प्रचण्ड अहिले माधव नेपालको पार्टीसँग एकता गर्न तम्सिएका छन् । लगातार तीन–तीन निर्वाचनमा जब पार्टीले निरन्तर खराब प्रदर्शन गरिरह्यो, तिनै माधव नेपालबाट थोरै पाठ सिकेको भए यतिबेला उनले आफ्ना कनिष्ठ जनार्दन शर्माबाट चुनौती झेल्नुपर्ने लज्जास्पद स्थिति बेहोर्नुपर्ने थिएन। घ्यारघ्यार हुनुअघि नै प्रचण्डले पार्टी नेतृत्व छाड्छन् भन्ने विश्वास भएको भए सम्भवतः नेत्रविक्रम चन्द (विप्लव), मोहन वैद्य (किरण) र डा. बाबुराम भट्टराईहरूले पार्टी विभाजन वा परित्याग गरेर नयाँ राजनीतिक चुलो–चौको स्थापना पनि गर्ने थिएनन्।

आफ्नो नेतृत्वमाथि जब चुनौती खडा हुन्छ, प्रचण्डले लिने सहारा त्यही ‘एक्काइसौँ शताब्दीको जनवाद’ हो । त्यसमा उल्लेखित ‘घ्यारघ्यार होउञ्जेल नेतृत्वमा बस्नुहुन्न’ र ‘पुस्ता–प्रणाली स्थापित गरेर पुरानो पुस्ताले नयाँ पुस्तालाई नेतृत्व छाडिदिनुपर्छ’ भन्ने बुँदाको रट लगाउन थाल्छन्।

नेतृत्व सुरक्षाका लागि प्रचण्डले यसपटक पनि त्यही गर्न थालेका छन्। पछिल्लो स्थायी समिति बैठक (२५–२९ साउन) पछिका प्रदेश परामर्श समन्वय समितिका बैठकहरूमा आफू घ्यारघ्यार हुञ्जेलसम्म नेतृत्वमा नबस्ने र ‘प्रणाली विकास’ अनि स्थापित नेतृत्वको सेट बनाएर नेतृत्व हस्तान्तरण गर्ने बताएका छन्।

नेतृत्वको सेट स्थापित साँच्चिकै उनको योजना हुन्थ्यो भने फुन्टिबाङ बैठकयताका २० वर्षको अवधिमा उनले यो काम गरिसकेका हुन्थे । तर, उनले त्यो गरेनन्। बरु उनका समकालीन नेताहरू पार्टीबाट बहिर्गमित हुने स्थिति सिर्जना भयो । सकभर प्रचण्ड अझै लामो समय नेतृत्वमा रहने कोसिसमा हुनेछन् । बागमती प्रदेश परामर्श समन्वय कमिटीको बैठक (७ भदौ) मा उनले त्यसको संकेत पनि गरेका छन् । ‘मलाई अन्य मित्रहरूले ‘भावुक बनेर अहिल्यै अध्यक्ष छाड्नुहोला नि’ भनेर भनेका छन्। त्यसैले, म अहिले नेतृत्व छाड्दिनँ,’ उनले भनेका छन्, ‘मृत्युशय्यामा घ्यारघ्यार गरेर पनि नेतृत्व गरिराख्ने पक्षमा चाहिँ म छैन।’

घ्यारघ्यार अर्थात् मृत्युशय्यामा पुग्नुअघिसम्म उनी नै नेतृत्वमा रहने प्रयासमा हुनेछन्।

पाखुरी चलुञ्जेल एमालेबाट ओली नै प्रधानमन्त्री

अन्तः शुल्कको स्टिकर खरिदमा अनियमितताको आरोपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मुद्दा दायर नगरेको भए मुख्यसचिवको कुर्सीमा लीलादेवी गड्तौला होइन, बैकुण्ठ अर्याल नै हुने थिए । निवर्तमान मुख्यसचिव अर्यालविरुद्ध ९ असारमा मुद्दा दायर भएपछि गड्तौला कायममुकायम मुख्यसचिव हुने बाटो खुला भएको हो । नमिल्ने भएर मात्र मात्र हो, मिल्थ्यो भने प्रधानमन्त्री ओलीले ‘गड्तौलालाई मुख्यसचिव बनाउनै अन्तः शुल्क स्टिकर खरिदमा भ्रष्टाचार गर्न लगाएका हौँ’ पनि भनिदिन्थे होलान्। नत्र आफू प्रधानमन्त्री हुनुअघि नै ‘कायममुकायम’ मुख्यसचिव भइसकेकी गड्तौलालाई मुख्यसचिव बनाउनुको जस लिने प्रयास शनिबार (८ भदौ) काठमाडौँमा आयोजित ‘युथ कन्क्लेभ’ मा गर्ने थिएनन्।

हो, विद्यादेवी भण्डारीलाई राष्ट्रपति बनाएको जस ओलीलाई जान्छ । माधव नेपाल र झलनाथ खनालले समेत इच्छाएको यो जिम्मेवारी पाएर ‘नेपालको पहिलो महिला राष्ट्रपति’ मा भण्डारीको नाम दर्ज हुनुको मुख्य कारण ओली नै हुन् । तर, त्यही कार्यक्रममा ओनसरी घर्तीलाई पहिलो महिला सभामुख र सुशीला कार्कीलाई पहिलो महिला प्रधानन्यायाधीश पनि आफैले बनाएको हास्यास्पद दाबी समेत उनले गरे । ‘म यस्तो शौभाग्यशाली व्यक्ति हुँ, जसले पहिलो महिला राष्ट्रपति बनायो, पहिलो महिला प्रधानन्यायाधीश बनायो र पहिलो महिला सभामुख पनि बनायो,’ ओलीले भने, ‘यसपटक प्रधानमन्त्री बन्नेबित्तिकै मौका पाउनासाथ एकजना महिलालाई मुख्यसचिव पनि बनाइहालेँ।’

त्यही कार्यक्रममा ओलीले अब महिला प्रधानमन्त्री बनाउने अभियानमा आफू रहेको उल्लेख गरेका छन् । तर, प्रचण्डको ‘नेतृत्व हस्तान्तरण’ र ओलीको ‘महिला प्रधानमन्त्री बनाउने योजना’ एकै हुन्, उहिले–उहिले रेडियो नेपालमा बज्ने ‘हात्तीपाइले चप्पल र हात्तीछाप चप्पल उस्तैउस्तै हुन् नानू’ भन्ने विज्ञापनजस्तै ! २०७२ मा संविधान जारी भएपछि सभामुख माओवादीको भागमा प¥यो । त्यही पार्टीकी ओनसरी घर्ती सभामुख भइन्। प्रधानन्यायाधीश कल्याण श्रेष्ठपछिको वरीयतामा सुशीला कार्की थिइन्। श्रेष्ठको अवकाशपछि उनैले न्यायालयको नेतृत्व पाइन्। ओली प्रधानमन्त्री भएकै बेला घर्ती सभामुख र कार्की प्रधानन्यायाधीश हुनु संयोगमात्र हो। उनीहरूलाई सभामुख बनाउन न ओलीले कुनै मेहनत गरेका हुन्, न उनीहरूको राजनीतिक–व्यावसायिक ‘करिअर’ मा ओलीको कुनै योगदान रह्यो।

‘पहिलो महिला राष्ट्रपति’ कै कुरा गरौँ। इतिहास, खटाइ, त्याग र वरीयताको मूल्याङ्कन गरेको भए पहिलो महिला राष्ट्रपति बन्ने हक एमाले नेतृ अष्टलक्ष्मी शाक्यको थियो, विद्या भण्डारीको होइन । बरु, पहिलो महिला सभामुख, महिला प्रधानन्यायाधीश र महिला मुख्य सचिव बनाएको दाबी गर्ने ओलीकै कारण पहिलो महिला मुख्यमन्त्री (बागमती) बन्ने अवसर समेत शाक्यले पाइनन् । बागमती एमाले प्रदेशसभा दलमा शाक्यविरुद्ध डोरमणि पौडेललाई अघि सारियो र पहिलो महिला मुख्यमन्त्री बन्नबाट समेत शाक्यलाई बञ्चित गरियो । पार्टी नेतृत्वका लागि ७० वर्षे उमेर हदबन्दी ओलीले पार्टीको विधानबाट हटाइसकेका छन्। यो स्थितिमा पाखुरी चलुञ्जेल ओलीले कुनै महिलालाई एमालेबाट प्रधानमन्त्री बनाउलान् भन्ने अपेक्षा गर्नु भनेको घ्यारघ्यारको अवस्थामा नपुगुञ्जेल प्रचण्डले कसैलाई नेतृत्व हस्तान्तरण गर्लान् भन्ने विश्वास गरेजस्तै हो। ओलीले पनि प्रचण्डकै जस्तो भाषा बोलिरहेका छन्। ‘म त छिट्टै महिला प्रधानमन्त्री बनाउन चाहन्छु, तर यसका लागि समय लाग्छ’ भनिरहेका छन् । राष्ट्रपति, सभामुख र प्रधानन्यायाधीश महिला बनिसकेको देशमा प्रधानमन्त्री बन्न किन समय लाग्ने हो ?

‘महिला प्रधानमन्त्री’ बनाउने ओलीको घोषणा खासमा ‘राजनीतिक पासा’ हो । यसका तीन प्रयोजन हुनसक्छन्।

एक, ढिलो–चाँडो नेपालमा पनि महिला प्रधानमन्त्री बनिहाल्छन् । भविष्यमा जस लिन ओलीले ‘महिला प्रधानमन्त्री’ को बनाउने ‘सोचाइमा रहेको’ घोषणा गरेका हुन सक्छन् ।

दुई, आफ्नो सत्तामाथि ‘भूराजनीतिक खतरा’ नमडारियोस् भनेर ‘महिला प्रधानमन्त्री’ को पासा फ्याँकेका हुन सक्छन्। किनभने, परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा भारतीय प्रधानमन्त्री नरेन्द्रको मोदीको राम्रै सम्मान पाएर भर्खर भारतबाट फर्केकी छन् । नयाँदिल्लीलाई देब्रे बन्न नदिने ओलीको उपरोक्त भनाइ आएको हुनसक्छ।

तीन, आफ्नो सत्तामाथि कांग्रेसबाट सिर्जना हुनसक्ने खतरा टार्न ओलीले ‘महिला प्रधानमन्त्री’ को योजना सार्वजनिक गरेका हुन सक्छन् । सभापति देउवाको विरोध गर्ने नाममा काङ्ग्रेसको संस्थापन इतर समूहले सरकारकै विरोध सुरु गरेको छ। ओलीले फ्याँकेको ‘महिला प्रधानमन्त्री’ तिनलाई तर्साउने अस्त्र हुनसक्छ ।

**नेपालखबर**

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# प्रतिनिधिसभाः सांसदहरुबीच सवाल जवाफ

# शून्य समयमा स्थानीय तथा राष्ट्रिय समस्याबारे सरकारको ध्यानाकर्षण

**काठमाडौँ ।**
प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरुबीच 'हिंसा' शब्दलाई लिएर सवाल जवाफ भएको छ ।

नेकपा (एमाले) का सांसद योगेशकुमार भट्टराईले विशेष समयमा बोल्ने क्रममा माओवादीको १० वर्षको 'हिंसा' का कारण मुलुकको प्रगति हुन नसकेको तथा जलविद्युत् आयोजना निर्माण गर्नेलाई चन्दा मागेर धम्क्याएको आरोप लगाए । उनले प्रयोग गरेको 'हिंसा' भन्ने शब्दलाई लिएर प्रमुख प्रतिपक्ष दल नेकपा (माओवादी केन्द्र) का सांसदहरुले नियमापत्ति गरे । उनीहरुले यो शब्द संसदको अभिलेखबाट हटाउनुपर्ने माग गरे ।

सत्तापक्ष एमालेका सांसदहरुले उक्त शब्द असंसदीय नभएको भन्दै हटाउन नहुने धारणा राखे । 'मैले केही दोष दिएको हैन । अध्ययनले भन्छ कि यदी यो देशमा माओवादी हिंसा १० वर्षसम्म नभएको भए नेपालमा विद्युत् उत्पादनका क्षेत्रमा योभन्दा ठूलो क्रान्ति हुने थियो । असुरक्षाले विद्युत्मा लगानी भएन । दश वर्षको हिंसा नभएको भए २०६५ सालमै लोडसेडिङ अन्त्य हुने थियो', सांसद भट्टराईले भने ।

सांसद भट्टराईले बोल्दै गर्दा माओवादी केन्द्रका सांसद माधव सापकोटाले नियमापत्ति गरे । उनले सांसद भट्टराईले गैरसंसदीय शब्द बोलेको टिप्पणी गरे । सांसद सापकोटाले नियमापत्ति जनाउदै भने,'संसद सञ्चालनको नियमावली विपरीत नियमापत्ति हुने गरी शब्दहरु बोल्नु हुँदैन । माननीयले गैरसंसदीय अमर्यादीत शब्द बोल्नुभएको छ ।'

सभामुख देवराज घिमिरेले हिंसा शब्दको प्रयोगबारे आफनो ध्यानार्कषण भएको उल्लेख गर्दै नियमित प्रक्रिया अगाडि बढाउन आग्रह गरे । माओवादी केन्द्रका सचिव समेत रहेकासांसद देवेन्द्र पौडेलले यो शब्द संविधान प्रतिकुल भएको भन्दै संसदको अभिलेखबाट फिर्ता लिन सभामुख घिमिरेसमक्ष अनुरोध गरे । 'सत्तापक्षमा रहेर बोलिरहनु भएका माननीयलाई खबरदारी गर्न चाहन्छु । यस प्रकारका शब्दको प्रयोग गरेर नेपालको शान्ति प्रक्रियालाई तलमाथि गर्ने अधिकार अहिलेको संविधानले दिँदैन', सांसद पौडेलले भने ।

यस्तै माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले नियमापत्ति जनाउँदै सदनमा नियमको उल्लङ्घन भइरहेको बताए । उनले यो शब्द संसदको अभिलेखबाट हटाउन माग गरे । एमालेका सांसद रघुजी पन्तले सांसद भट्टराईले प्रयोग गर्नुभएको शब्द असंसदीय नभएको जिकिर गरे ।

यसैबीच, प्रतिनिधिसभाको शुन्य समयमा सांसदहरुले स्थानीय तथा राष्ट्रिय समस्या समाधानका लागि सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराएका छन् । सांसदहरुले शान्तिसुरक्षाको अवस्थामा सुधार ल्याउन, अराजक व्यवहार प्रदर्शन गर्नेलाई कारबाही गर्न तथा महङ्गी र कालोबजारी नियन्त्रण गर्न सरकारको क्रियाशीलतामा जोड दिएका हुन् । बिग्रे भत्केका सडक पूर्वाधारका कारण दैनिकजसो सवारी दुर्घटनामा बढोत्तरी भई जनधनको क्षति भएकाले आवश्यक सतर्कता अपनाउन कानुन कार्यान्वयन गराउनुपर्नेमा सरकारको ध्यानकर्षण गराएका छन् ।

सांसद विना लामाले धादिङ र रसुवाको सीमाक्षेत्रमा अवैध कारोबार मौलाएको भन्ने सूचना आएकाले शान्तिसुरक्षाको प्रबन्ध गर्न र गैरकानुनी क्रियाकलाप नियन्त्रण गर्न माग गरे । सांसद विराजभक्त श्रेष्ठले लामो समयदेखि राजदुत नियुक्ति हुन नसक्दा मुलुकको प्रतिष्ठामा आँच आएको भन्दै तत्काल नियुक्त गर्नुपर्ने बताइन् ।

सांसद विना जैसवालले नेपाली नागरिकको पलायन रोक्ने विशेष व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराए । सांसद श्यामकुमार घिमिरेले गौरा पर्व मनाउने क्रममा टुँडिखेलमा भएको घटनालाई अराजक र उच्छृङ्खल गतिविधि भन्दै त्यस्ता गलत प्रवृत्तिको प्रोत्साहन गर्न नहुने सुझाव दिए । सांसद शान्ति विकले चाडपर्वको समयमा अस्वाभाविक रूपमा मूल्यवृद्धि हुँदा नेपाली नागरिकले सास्ती खेप्नु परेको र कमजोर आय भएका नागरिक बढी प्रताडित भएकाले तत्काल नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गरिन् । सांसद शिव नेपालीले डडेल्धुरा अस्पतालको स्तरोन्नति गरी विषयगत चिकित्सकको दरबन्दी थप गर्नुपर्नेमा जोड दिए ।

सांसद शिशिर खनाल र शेरबहादुर कुँवरले बाढी पहिरोका कारण क्षतिग्रस्त सडकको मर्मतसम्भारसहित सहज रुपमा सवारी आवागमन हुनेगरी आवश्यक प्रबन्ध गर्नुपर्नेमा जोड दिए । सांसद शोभा ज्ञवालीले बर्दिया जिल्लाका बाढीपीडितलाई तत्काल राहत, पुनः स्थापना गर्न माग गरे ।

सांसद सन्तोष चालिसेले नजिकिँदै गरेको चाडपर्वमा जनतालाई मार हुनेगरी महङ्गी बढेको भन्दै बजारमा अनुगमन र निगरानी गर्न जरुरी रहेको बताए । सांसद सपना राजभण्डारीले नेपाल वायुसेवा निगममा देखिएको लापरबाही र बेथितिलाई अन्त्य गरी प्रतिस्पर्धी बनाउन सरकारले तत्काल पहल थाल्नुपर्नेमा जोड दिइन् ।

सांसद सराज अहमद फारुकीले कपिलवस्तु जिल्लामा व्यवस्थित कृषि खरिद बिक्री केन्द्र तथा कोल्डस्टोरेजको व्यवस्था गरी किसानलाई प्रोत्साहन गर्न अनुरोध गरे । सांसद सरिता भुसालले पश्चिम नवलपरासी जिल्लाको सुस्ता गाउँपालिकामा पाँच करोड रुपैयाँको लागतमा निर्माण भएको चिस्यान केन्द्र तत्काल सञ्चालनमा ल्याउन माग गरे । सांसद डा. स्वर्णिम वाग्लले आबु खैरहनीमा सडक सुरक्षामा देखिएको लापरबाहीप्रति सरकारको ध्यानाकर्षण गराउँदै भारतीय पर्यटकको आवागमन वृद्धिका लागि सडक सञ्जाललाई व्यवस्थित र सुरक्षित बनाउन सुझाव दिए । सांसद शान्ति चौधरीले २५ आँ मुक्त कमैया दिवस मनाइरहँदा पनि मुक्त कमैयाको माग हालसम्म पूरा नभएको भनी गुनासो गरे । सांसद सीता मिजारले सार्वजनिक सवारी साधानलाई सफा र व्यवस्थित बनाउन माग गरे ।

सांसद सुदन किराँतीले सरकारको कमजोरी औँल्याउँदा सत्तारूढ गठबन्धन र सरकार चिढिन नहुने धारणा व्यक्त गरे । सांसद सुमना श्रेष्ठले धितोपत्रसम्बन्धी संशोधन विधेयकको 'प्रपोट्रिज'मा कुनै अमुक 'ल फर्म' संस्थाको नाम उल्लेख भएको भन्दै आपत्ति जनाए । सांसद सुरेन्द्रराज आचार्यले कपिलवस्तु जिल्लाका विभिन्न भूभाग जग्गा डुबानमा पर्दा हरेक वर्ष खेतीबाली नष्ट हुने गरेको विवरण पेस गर्दै समस्या समाधानका लागि कूटनीतिक पहल गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए ।

सांसद सुशीला सिर्पाली ठकुरीले वर्तमान सरकारले सुशासन र सामाजिक न्याय दिनै नसक्ने र त्यसतर्फ ध्यानाकर्षण गर्नसमेत असमर्थ रहेको बताइन् । सांसद सूर्यप्रसाद ढकालले मुक्त कमैयाले अझै पनि जग्गाको लालपुर्जा प्राप्त गर्न नसकेको भनी दुःख व्यक्त गरे ।

सांसद सूर्यप्रसाद तामाङ दोङले काभ्रे जिल्लामा बिग्रेका सडक बाटो निर्माण कार्यलाई गति दिन माग गरे । सांसद सोभिता गौतमले विभिन्न सेक्युरिटी कम्पनीमा काम गर्ने कामदारले उचित पारिश्रमिक नपाएको भनी सरकारको ध्यानाकर्षण गरिन् ।

सांसद सञ्जयकुमार गौतमले वीर अस्पतालमा स्वास्थ्य परीक्षणका लागि लामो समय कुर्नुपर्ने बाध्यताको अन्त्य गर्न माग गरे । सांसद हर्कमाया विश्वकर्माले महिला र बालबालिमाथिको हिंसा न्यूनीकरण गर्न कडा कदम चाल्नुपर्नेमा जोड दिइन् ।

सांसद हितबहादुर तामाङले मनसुनको समयमा सडक र हवाई दुवै यात्रा असुरक्षित भएकोप्रति चिन्ता व्यक्त गरे । सांसद हितराज पाण्डेले लघुवित्त पीडितलाई चाँडोभन्दा चाँडो न्याय दिन माग गर्दै भ्रष्टाचार कसुरको मुद्दामा पाँच वर्षको हदम्याद राख्न नहुने बताए । सांसद हेमराज राईले राजनीतिक नियुक्ति समावेशी नभएको भनी गुनासो गरे । सांसद हृदयराम थानीले भ्रष्टाचारको मुद्दामा पाँच वर्षको हदम्याद राख्न नहुने बताए । सांसद ज्ञानु बस्नेत सुवेदीले श्रम ऐन कार्यान्वयन नभएको भनी चिन्ता व्यक्त गर्दै श्रमिकको न्यूनतम पारिश्रमिक वृद्धिको माग गरिन् ।

सांसद ज्ञानेन्द्रबहादुर कार्कीले सुनसरी जिल्लाका बासिन्दाले आधारभूत स्वास्थ्य सेवा पनि नपाएको भन्दै तत्काल आवश्यक प्रबन्ध गर्न सरकारको ध्यानाकर्षण गराए । रासस

# अर्थ मन्त्रालय र बेलायत सरकारबीच समझदारीपत्रमा हस्ताक्षर




**काठमाडौँ ।**
अर्थ मन्त्रालय र बेलायत सरकारबीच वित्तीय सहयोगसम्बन्धी दुई छुट्टाछुट्टै समझदारीपत्रमा बुधबार हस्ताक्षर भएको छ । अर्थ मन्त्रालयमा 'नेपालमा उत्थानशीलता, अनुकूलन र समावेशी (रेन) कार्यक्रम' र प्रणाली सुदृढीकरणमार्फत लैङ्गिक र मानव विकासका परिणामहरू वृद्धि गर्न 'सामर्थ' कार्यक्रममा समझदारी भएको हो ।

अर्थ मन्त्रालयका अनुसार नेपालमा उत्थानशीलता, अनुकूलन र समावेशी कार्यक्रमका लागि ३८ दशमलव पाँच स्टर्लिङ पाउण्ड र सामर्थ कार्यक्रमका लागि ३८ दशमलव आठ स्टर्लिङ पाउण्ड बेलायत सरकारबाट वित्तीय अनुदान सहयोग उपलब्ध गराउने गरी सहमति भएको छ । नेपाल सरकारका तर्फबाट अर्थ मन्त्रालयका सहसचिव धनीराम शर्मा र बेलायत सरकारका तर्फबाट बेलायती राजदूतावास काठमाडौँका विकास निर्देशक तथा उपराजदूत पिप्पा बर्डले हस्ताक्षर गरेका हुन् ।

जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित बनेका क्षेत्रका स्थानीय सरकार र समुदायको क्षमता अभिवृद्धि गर्नुका साथै कर्णाली, लुम्बिनी र मधेश प्रदेशमा मानव पुँजी निर्माण र सेवा प्रवाहमा सुधार ल्याउने लक्ष्यका साथ दुवै कार्यक्रमका लागि सहयोग उपलब्ध भएको अर्थ मन्त्रालयका सहसचिव शर्माले बताए ।

मन्त्रालयका सहसचिव शर्माले रेन कार्यक्रम गृह मन्त्रालय र वन तथा वातावरण मन्त्रालयले क्रमशः विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनलाई सुदृढ गर्नका लागि लागू गरिने जानकारी दिए । रेन कार्यक्रम लुम्बिनी र मधेश प्रदेशमा सञ्चालन हुनेछ । साथै गुणस्तरीय शिक्षामा विशेष ध्यान केन्द्रित गरी प्रभावकारी सामाजिक सेवामा पहुँच विस्तार गर्ने उनले बताए । 'यो कार्यक्रम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले लागू गर्नेछ । सामर्थ कार्यक्रम लुम्बिनी र मधेश प्रदेशमा सञ्चालन गरिने छ । यसले नेपाल र बेलाायतबीचको सौहार्दपूर्ण तथा विकासको क्षेत्रमा बेलायतले निरन्तर गरिरहेको सहयोगको प्रमाण प्रस्तुत गर्नेछ', शर्माले भने, 'दुवै कार्यक्रमका उद्देश्यहरू प्राप्त गर्नका लागि सम्बन्धित मन्त्रालयले प्रभावकारी रूपमा समन्वय गर्नेमा हामी विश्वस्त छौँ ।'

अर्थ मन्त्रालयमा भएको हस्ताक्षर समारोहमा बेलायती दुतावासका विकास निर्देशक तथा उपराजदूत बर्डले सामाजिक सेवा, जलवायु परिवर्तन र मानव पुँजी विकासमा बेलायतले सहयोग गर्दै आइरहेको जानकारी दिए ।

'हामी जलवायु परिवर्तनको विश्वव्यापी चुनौतीलाई सम्बोधन गर्न नेपाललाई सहयोग गर्न प्रतिबद्ध छौँ', उनले भने, 'क्षेत्रीयस्तरमा मानवीय स्वास्थ्यमा देखिएको सम्भावित खतरा र सामाजिक सेवा प्रदान गर्न आवश्यक वित्तीय सहयोग निरन्तर रहने छ ।'

दुवै कार्यक्रमले प्राकृतिक प्रकोप र जलवायु परिवर्तनका जोखिम सामना गर्न, जोखिम न्यूनीकरण गर्न तथा आधारभूत सेवाहरूको वितरणमा सुधार गर्न पनि सहयोग पुग्ने अपेक्षा गरिएको बेलायती दूतावासका विकास निर्देशक तथा उपराजदूत बर्डले उल्लेख गरे । बेलायत र नेपालबीचको दुई सय वर्ष पुरानो विश्वसनीय साझेदारीलाई थप मजबुत बनाउँदै स्वास्थ्य, शिक्षा, पानी र सरसफाइ, जलवायु अनुकूलन, र प्राकृतिक प्रकोप न्यूनीकरणका लागि सहयोग पुग्ने विश्वास लिइएको छ । रासस

# 'शान्तिसुरक्षा र कानुनी राज्यको अनुभूति दिलाउन नागरिकको पनि भूमिका'



**गण्डकी ।**
गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले समाजमा शान्तिसुरक्षा कायम गर्न र कानुनी राज्यको अनुभूति दिलाउन नागरिकको पनि महत्वपूर्ण भूमिका हुने बताएका छन् ।

मुस्ताङस्थित इलाका प्रहरी कार्यालय मुक्तिनाथको नवनिर्मित भवनको बुधबार उद्घाटन गर्दै उनले सरकारसँगै नागरिक समाजसँगको सहकार्यमा शान्तिसुरक्षाका प्रभावकारितासँगै कानुनी राज्यको अनुभूति दिलाउन सकिने बताए । भवन निर्माणसँगै धार्मिक पर्यटकीय तीर्थस्थल मुक्तिनाथ आउने पर्यटक र स्थानीयको शान्तिसुरक्षामा सेवा गर्न प्रहरीलाई सहज हुने उनले विश्वास व्यक्त गरे ।

संविधान अनुसार कानुन नबन्दा प्रहरी समायोजन हुन नसकेको बताउँदै उनले समायोजन नहुँदा चाहेर पनि प्रदेश सरकारले आवश्यकता र अपेक्षा अनुसार प्रहरीलाई सबै सहयोग गर्न नसकिएको उल्लेख गरे ।

प्रदेशको शान्तिसुरक्षाका लागि सरकारले सुरक्षा निकायलाई भौतिक पूर्वाधार, उद्धार सामग्री, यन्त्र उपकरण, क्षमता विकासका कार्यक्रममा सीमित साधनस्रोतका बीच प्रदेश सरकारले निरन्तर सहयोग गर्दै आएको उनको भनाइ छ ।

प्रदेश सरकारको तीन करोड ६० लाख रुपैयाँ लगानीमा निर्माण भएको भवन छ रोपनी चार आना क्षेत्रफलमा रहेको छ । रासस

# राजनीतिक स्थायित्वका लागि निर्वाचित प्रधानमन्त्री र संवैधानिक राष्ट्रपतिः केसी



**काठमाडौँ ।**
नेपाली कांग्रेसका सांसद अर्जुननरसिहं केसीले निर्वाचित प्रधानमन्त्री र संवैधानिक राष्ट्रपतिबाट मात्रै राजनीतिक स्थायित्व सम्भव भएको र नेपालका लागि यस्तो व्यवस्था नै उपयुक्त भएको बताएका छन् ।

प्रतिनिधिसभाको विशेष समयमा बोल्दै सांसद केसीले गठबन्धनको भरमा सरकार टिकाउने चिन्ता पनि हटने धारणा राखे ।'संवैधानिक राष्ट्रपति र निर्वाचित प्रधानमन्त्रीले मात्रै स्थायित्व दिनसक्छ', उनले भने, 'हरेक प्रदेशमा तीन/चार चोटि सरकार परिवर्तन हुने अवस्था आयो ।'

एउटा गठबन्धनमा रहेर सरकार जाला कि भन्ने चिन्ताबाट उन्मुक्ति पाउन पनि निर्वाचित प्रधानमन्त्री सबैभन्दा उपयुक्त हुने उनको कथन छ । सांसद केसीले संविधान संशोधनीय भएको तर संशोधन केमा गर्ने भन्ने कुरा व्यापक सहमतिबाटै गर्नुपर्ने बताए ।

समावेशी चरित्रलाई कुनै पनि किसिमको असर नपर्नेगरी संशोधन गर्नुपर्नेमा उनले जोड दिए । उनले सरकार सुशासनको पक्षमा छ भने भ्रष्टाचारमा हदम्याद थप्ने विधेयक तत्काल फिर्ता गर्नुपर्ने माग राखे । देश निरन्तर अराजकता, विद्रोहतिर उन्मुख भएकामा ध्यानाकर्षण गराउँदै प्रविधिमा हुर्किएका युवाको आक्रोश सम्बोधन गर्नु राज्यको पहिलो दायित्व रहेको समेत उनले बताए । रासस

# टिआरसी विधेयक सभामुखद्वारा प्रमाणित

**काठमाडौँ ।**
सभामुख देवराज घिमिरेले सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विधेयक प्रमाणित गरेका छन् ।

सभामुख घिमिरेका प्रेस विज्ञ शेखर अधिकारीका अनुसार उनले 'बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०८१' प्रमाणित गरेका हुन् । सो विधेयक सङ्घीय संसद्का दुवै सदनबट पारित भइसकेको छ । गत साउन ३० मा प्रतिनिधिसभाबाट पारित भएको विधेयक यही भदौ ६ गते राष्ट्रियसभाले पारित गरेको थियो ।

सभामुखले प्रमाणित गर्नुभएको यो विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाइनेछ । राष्ट्रपतिले प्रमाणीकरण गरेपछि विधेयकले कानुनको मान्यता पाउने व्यवस्था छ ।

# दक्षिण एसियाको वायु प्रदुषणमा कमी



**बैङ्कक ।**
सन् २०२२ मा दक्षिण एसियाको वायुको गुणस्तरमा देखिएको आश्चर्यजनक सुधारले विश्वव्यापी प्रदुषणमा पनि सुधार आएको वायुको गुणस्तर र जीवन सुचकाङ्क (एक्यूएलआई)को बुधबार सार्वजनिक नयाँ प्रतिवेदनमा जनाइएको छ । यद्यपि, तत्कालिन समयको अनुकुल मौसमले सुधारका लागि सम्भावित भूमिका खेलेको हुनसक्ने बताइएको छ ।

तत्कालिन समयमा भएको नियमित बर्षा र कोभिडका कारण विश्वव्यापीरूपमा भएको लकडाउनका कारण प्रदुषणमा भूमिका खेल्न जिम्मेवार सवारी साधनको कम प्रयोग हुनु, कलकारखानामा गतिविधि रोकिनु र वातावरण सुधारका लागि गरिएका पहलहरूले काम गर्नुलगायतले वायुको गुणस्तर सुधारमा भूमिका खेलेको हुनसक्ने अध्ययनले देखाएको छ । यस क्षेत्रमा खतरनाक वायु प्रदुषणका कारण यहाँका बासिन्दाको औसत आयु ३.५ वर्षभन्दा बढीले घट्ने एक्यूएलआईले चेतावनी दिएको छ ।

सन् २०२२ को भू–उपग्रहको तथ्याङ्कले वायुप्रदुषणमा आश्चर्यजनक रूपमा १८ प्रतिशतले गिरावट देखाएकोबाहेक दुई दशकदेखि दक्षिण एसियामा वायु प्रदुषण वार्षिक रूपमा बढिरहेको छ ।

युनिभर्सिटी अफ सिकागोको एनर्जी पोलिसी इन्स्टिच्युट(इपीआईसी) ले तयार पारेको प्रतिवेदन अनुसार श्रीलङ्काबाहेक यस क्षेत्रका हरेक देशमा वायु प्रदुषण घटेको छ । 'दक्षिण एसियामा वायुको गुणस्तर मापन गर्ने 'पार्टिकुलेट म्याटर (पीएम २.५) को स्तर कुन कारणले घट्यो भन्ने निर्णायक रूपमा निर्धारण गर्न गाह्रो भएपनि अनुकूल मौसमी अवस्थालाई यसको श्रेय दिन सकिन्छ,' प्रतिवेदनमा भनिएको छ ।

सन् २०२२ मा यस क्षेत्रमा औसतभन्दा बढी वर्षा र अनुकुल मौसमी अवस्थाले प्रतिवेदनको सिद्धान्तलाई समर्थन गर्दछ ।

दक्षिण एसियाका मानिसहरूले अझै पनि विश्व स्वास्थ्य सङ्गठनले सुरक्षित ठानेको भन्दा आठ गुणा बढी प्रदूषित हावामा श्वास लिइरहेका छन् । 'नीति परिवर्तनले प्रभाव पारेको छ कि छैन भनेर समयले मात्र बताउनेछ,' प्रतिवेदनमा जनाइएको छ । 'निरन्तर अवलोकन, नीति कार्यान्वयनका लागि प्रयास र नीतिगत हस्तक्षेपका प्रभावहरूको अनुगमन प्रदुषण गिरावटको कारक बुझ्न र कायम राख्न महत्वपूर्ण हुनेछ,' प्रतिवेदनमा भनिएको छ ।

दक्षिण एसियामा मापन भएको गिरावटसँगै वायु प्रदूषणमा नौ प्रतिशत विश्वव्यापी गिरावट मापन भएको छ । खराब वायु गुणस्तरका कारण मध्यपूर्व र उत्तरी अफ्रिकासहित अन्य ठाउँमा एक वर्ष अघिको तुलनामा वायु प्रदूषण १३ प्रतिशतले बढेको छ । प्रतिवेदनले वायुको गुणस्तरको नियमित तथ्याङ्कको अभावले नीति निर्माण र कार्यान्वयनमा बाधा पु¥याइरहेको बताएको छ ।

यस वर्षको सुरुमा, 'इपीआईसी' को स्वच्छ हावा कार्यक्रमले विश्वव्यापी वायु प्रदुषणबारे खुला तथ्याङ्क प्रदान गर्ने वायुको गुणस्तर अनुगमन केन्द्रहरूको स्थापनाको लागि १.५ मिलियन डलर रकमको कोष सुरु गरेको हो । वायु प्रदूषणले मानव स्वास्थ्यमा पार्ने गम्भीर प्रभावको तुलनामा यो अपेक्षाकृत थोरै रकम हो ।उदाहरणका लागि, अफ्रिकाका केही सबैभन्दा प्रदूषित देशहरूमा
एचआईभी÷एड्स,मलेरियाजस्ता घातक रोगभन्दा वायु प्रदुषणले मानिसको आयुमा बढी गम्भीर खतरा निम्त्याउने प्रतिवेदनमा जनाइएको छ । तथापि, प्रदुषित हावासँग लड्नका लागि चीनले उल्लेखनीय प्रयासहरू जारी राखेको छ । यसले ठूला सहरमा सवारीसाधनको सङ्ख्या सीमित गर्ने, उद्योगको क्षमता घटाउने र केही क्षेत्रबाट नयाँ कोइलाखानी प्रतिबन्धित गर्नेजस्ता उपायहरू अवलम्बन गरेको छ ।

सन् २०१३ देखि चीनको वायु प्रदूषण ४१ प्रतिशतले घटेको र यहाँका नागरिकहरूको औसत आयु दुई वर्षले बढेको एक्युएलआईले बताएको छ । तथापि, अझै पनि चीनमा प्रदूषण विश्व स्वास्थ्य सङ्गठनको दिशानिर्देशभन्दा पाँच गुणा बढी छ । रासस

# मकवानपुरमा उद्योग बन्द हुने क्रम बढ्दो




**मकवानपुर ।**
पछिल्लो पाँच वर्षयता मकवानपुर जिल्लामा नयाँ उद्योग व्यापार दर्ता घट्दो र बन्द गर्ने क्रम बढ्दै गएको छ । विश्वव्यापी रुपमा देखिएको आर्थिक तरलता, बैंक तथा वित्तीय संस्थाबाट ऋण लगानी कम हुनु, पुँजीको अभाव, दोहोरो दर्ताको व्यवस्था लगायतका कारण यहाँ बर्सेनी नयाँ उद्योग व्यापार दर्ता घट्दै र बन्द हुने क्रम बढ्दै गएको हो ।

उद्योग तथा वाणिज्य कार्यालयका अनुसार मकवानपुरमा आर्थिक वर्ष २०८०/८१ मा उद्योगतर्फ तीन सय ६६ र वाणिज्यतर्फ तीन सय ३५ नयाँ उद्योग व्यापार दर्ता भएको छ, भने सो आवमा उद्योगतर्फ दुई सय ६८ र वाणिज्यतर्फ तीन सय ३६ उद्योग व्यापार बन्द भएको उद्योग तथा वाणिज्य कार्यालय मकवानपुरका प्रमुख रामप्रसाद भुसालले जानकारी दिए । उनका अनुसार आर्थिक वर्ष २०७९/८० मा उद्योगतर्फ पाँच सय ७९ र वाणिज्यतर्फ चार सय ३० नयाँ उद्योग व्यापार दर्ता हुदाँ उद्योगतर्फ र वाणिज्यतर्फका गरी दुई सय ८३ वटा उद्योगको लगतकट्टा गरिएको थियो ।

यसअघि आव २०७८÷७९ मा उद्योगतर्फ सात सय ६७ र वाणिज्यतर्फ सात सय ७० नयाँ दर्ता भएको थियो । यो आर्थिक वर्षमा उद्योगतर्फ र वाणिज्यतर्फ गरी एक सय १० वटा उद्योग व्यापारको मात्र लगतकट्टा भएको थियो । आव २०७७/७८ मा उद्योगतर्फ आठ सय २० र वाणिज्यतर्फ आठ सय १० नयाँ उद्योग व्यापार दर्ता भएकामा सो आवमा उद्योगतर्फ र वाणिज्यतर्फ गरी तीन सय ४० उद्योगको लगतकट्टा गरिएको सो कार्यालयको तथ्याङ्कले देखाएको छ ।

आव २०७६÷७७ मा उद्योगतर्फ एक हजार पाँच सय ३६ र वाणिज्यतर्फ एक हजार पाँच सय २५ नयाँ उद्योग व्यापार दर्ता भएको थियो । यो आवमा उद्योगतर्फ र वाणिज्यतर्फका गरी दुई सय ४० उद्योग व्यापारको लगतकट्टा गरिएको थियो । यसरी पछिल्लो पाँच वर्षको अवधिमा नयाँ उद्योग व्यापार दर्ता घट्दै जाँदा उद्योग व्यापार बन्द हुने क्रम बढ्दै गएको छ ।

विभिन्न निकायबाट अनुदान प्राप्त गर्न उद्योग व्यवसाय दर्ता गराउने र अनुदान पाइसकेपछि बन्द गर्ने प्रवृति, छोराछोरीलाई विदेश पठाउन व्यावसायिक पुँजी देखाउनका लागि मात्र व्यापार व्यवसाय दर्ता गराउने र पछि छोराछोरी विदेश गएपछि व्यापार व्यवसाय बन्द गर्ने, व्यापार घाटा हुनु र उद्योग कार्यालयमा दर्ता भएपछि स्थानीय तहमासमेत दर्ता गराउनुपर्ने दोहोर व्यवस्थाका कारण पनि उद्योग व्यापार दर्ता भन्दा बन्द गराउने क्रम बढ्ेको प्रमुख भुसालको भनाइ छ । लामो समयदेखिको आर्थिक मन्दिका कारण हेटौँडामा सटरको भाडा तिर्न नसक्दा व्यापारी सम्पर्कविहीन हुने क्रम बढदै गएको छ । यसरी सम्पर्कविहीन हुनेमा धेरैजसो सहकारी, स्कुल, सुन पसल, किराना पसल, टेलरिङ, मदिरा पसललगायत चलाएर व्यापार व्यवसाय गर्ने रहेका छन् ।

तीन करोड २२ लाख राजस्व सङ्कलन

उद्योग तथा वाणिज्य कार्यालय मकवानपुरले आर्थिक वर्ष २०८०÷८१ मा विभिन्न शीर्षकमा तीन करोड २२ लाख ४९ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ । कार्यालयका अनुसार उद्योगतर्फ नयाँ उद्योग दर्ता, नवीकरण, नामसारी, पुँजी वृद्धि खारेजी, ठाउँसारी लगायतका शीर्षकबाट एक करोड ५१ लाख २५ हजार रुपैयाँ तथा वाणिज्यतर्फ नयाँ दर्ता, नवीकरण, नामसारी, ठाउँसारी, पुँजीवृद्धि, प्रतिलिपी लगायतका शीर्षकबाट एक करोड ६१ लाख ९९ हजार रुपैयाँ राजस्व सङ्कलन भएको छ । यो अवधिमा एक सय ७६ महिला र एक सय ९० पुरुष नयाँ उद्यमीका रुपमा थपिएका प्रमुख भुसालले बताए । रासस

# साफ यु–२० च्याम्पियनपशिप फुटबलको उपाधि बङ्गलादेशलाई

**काठमाडौँ ।**
बङ्गलादेशले नेपाललाई हराउँदै साफ (दक्षिण एसियाली फुटबल महासङ्घ) यु–२० च्याम्पियनपशिप फुटबल प्रतियोगिताको उपाधि जितेको छ । बङ्गलादेशले सो उपाधि पहिलो पटक जितेको हो ।

ललितपुरको सातदोबाटोस्थित अखिल नेपाल फुटबल सङ्घ (एन्फा) को मुख्यालयको खेलमैदानमा बुधबार भएको फाइनल खेलमा बङ्गलादेशले नेपालमाथि ४–१ गोलको जित निकाल्दै उपाधिमाथि कब्जा जमाएको हो । यसअघि दुईपटक फाइनलमा पुगेको बङ्गलादेश दुवै पटक पराजित हुँदै उपविजेता बनेको थियो । सन् २०१९ र सन् २०२२ मा भएको साफ च्याम्पियनशिपमा बङ्गलादेश फाइनलमा पुगेको थियो । त्यतिबेला दुवै पटक भारतसँग पराजित हुँदै बङ्गलादेश उपविजेतामा सीमित बनेको थियो ।

बङ्गलादेशको जितमा बुधबारको खेलमा मिराजुल स्लामले दुई गोल गरे भने रब्बी होसेन राहुल र मोहम्मद पिस अम्मद नोभाले समान एक–एक गोल गरे । खेलको पहिलो हाफको अतिरिक्त समयमा मिराजुलले गोल गर्दै टोलीलाई पहिलो अग्रता दिलाए । त्यसपछि खेलको ५५औँ मिनेटमा अस्दुल मोल्लाले दिएको पासलाई सदुपयोग गर्दै मिराजुलले हेडमार्फत व्यक्तिगत दोस्रो गोल गरे । खेलको ७१ औँ मिनेटमा बङ्गलादेशका अर्का खेलाडी रब्बीले गोल गर्दै टोलीलाई तेस्रो अग्रता दिलाए ।

त्यस्तै, खेलको ८१ औँ मिनेटमा नेपालका समीर तामाङले गोल गरे । बङ्गलादेशका गोल किपर अगाडि गएको अवस्थामा सान्त्वना गोल गरे ।

यसैगरी, बङ्गलादेशका अर्का खेलाडी नोभाले खेलको दोस्रो हाफको अतिरिक्त समयमा एक गोल थपे । त्यसपछि खेलमा गोल हुन सकेन र अन्ततः बङ्गलादेशले नेपालमाथि ४–१ को ऐतिहासिक जित हासिल ग¥यो । हारसँगै साफ च्याम्पियनशिपको उपाधिमाथि 'ह्याट्रिक' गर्ने नेपालको सपना अधुरै रहन पुगेको छ ।

नेपालबाटै सन् २०१५ मा साफ यू–१९ च्याम्पियनशिपका नामबाट सुरुआत भएको उक्त च्याम्पियनशिपको उपाधि सुरुआतमा नेपालले जितेको थियो । उक्त च्याम्पियनशिपको फाइनल खेलमा नेपालले भारतलाई 'टाइब्रेकर'मा पराजित गर्दै उपाधिमाथि कब्जा जमाएको थियो । उक्त च्याम्पियनशिप यसअघि कहिले साफ यू–१८ र कहिले साफ यू–२० को नामबाट सञ्चालन हुँदै आएको छ ।

त्यसैगरी, सन् २०१७ मा भूटानमा आयोजना भएको साफ यू–१८ च्याम्पियनशिपमा पनि नेपालले उपाधि जितेको थियो । त्यतिबेला राउन्ड रोबिन लिगका आधारमा खेलाइएको उक्त प्रतियोगितामा नेपालले शीर्ष स्थानमा रहँदै प्रतियोगिताको उपाधि जितेको थियो ।

छैटौँ संस्करणको उक्त प्रतियोगिताको लिग चरणका खेलमा भने नेपालले बङ्गलादेशलाई २–१ गोलअन्तरले पराजित गरेको थियो । त्यसैगरी, सेमिफाइनलमा नेपालले भूटानलाई तथा बङ्गलादेशले भारतलाई पराजित गर्दै साफ यू–२० च्याम्पियनशिपको फाइनलमा स्थान बनाएका हुन् ।

यही भदौ २ गतेदेखि सञ्चालन भएको प्रतियोगितामा नेपालसँगै बङ्गलादेश, श्रीलङ्का, भारत, माल्दिभ्स र भूटानले सहभागिता जनाएका थिए । प्रतियोगिता त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा हुने तालिका थियो तर वर्षाका कारण खेलमैदान हिलाम्य हुँदा एन्फाले प्रतियोगिताको सम्पूर्ण खेल सातदोबाटोमा खेलाइएको हो । विजेतालाई युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टङ्कलाल घिसिङ, अखिल नेपाल फुटबल सङ्घ (एन्फा) का अध्यक्ष पङ्कजविक्रम नेम्बाङलगायतले पुरस्कार वितरण गरेका थिए । रासस

# गाजाको सुरुङबाट बन्धकको उद्धार



**गाजा ।.**
हमासको आक्रमणको क्रममा पक्राउ परेका एक बन्धकलाई गाजास्थित एक सुरुङ्बाट उद्धार गरिएको इजरायली सेनाले जनाएको छ ।

एक अमेरिकी अधिकारीका अनुसार गाजा युद्धविराम र बन्धक मुक्तिको सम्झौता सुरक्षित गर्ने उद्देश्यले कतारमा वार्ता जारी रहेको छ तर इजरायल र हमास कसैले पनि सहभागिताको निरन्तरता पुष्टि गरेका छैनन् ।

इजरायली सेनाले ५२ वर्षीय काइद फरहान अल्कादीलाई दक्षिणी गाजाको एउटा सुरङबाट एक्लै रहेको अवस्थामा फेला पारी उद्धार गरेको जनाएको छ ।

गत अक्टोबरमा दक्षिणी इजरायलमा भएको आक्रमणको क्रममा अपहरणमा परेका २५१ जना मध्ये उनी एक हुन् । बन्धकमध्ये १०४ जना अझै पनि गाजामा बन्दी छन् भने ३४ जनाको मृत्यु भइसकेको सेनाले जनाएको छ ।

युद्धका कारण गाजा ध्वस्त भएको छ, यहाँका लगभग २४ लाख मानिसहरूमा मानवीय सङ्कट छाएको छ । हमासद्वारा सञ्चालित नागरिक सुरक्षा एजेन्सीले गाजा सहर र मध्य र दक्षिणी गाजाका दुई शरणार्थी शिविरहरूमा छुट्टै इजरायली आक्रमणमा कम्तीमा १५ जनाको मृत्यु भएको जनाएको छ ।

अल्कादीलाई इजरायलको सोरोका मेडिकलमा लगि उपचार गराउँदा अस्पताल निर्देशक श्लोमी कोदेशले उनको अवस्था सामान्य रहेको जानकारी दिएका छन् । यद्यपि, लामो समयसम्म सुरुङमा रहेका व्यक्तिहरू स्वास्थ्य समस्याको जोखिममा हुनसक्ने आँकलनसहित अल्काडीलाई 'निरन्तर मूल्याङ्कन' का लागि राखिएको कोदेशले बताए । रासस

# चालु आवको पहिलो महिनामै हेटौँडा उपमहानगरको राजस्व सङ्कलनमा कमी

**मकवानपुर ।**
मकवानपुरको हेटौँडा उपमहानगपालिकाले चालु आर्थिक वर्ष २०८१÷८२ को पहिलो एक महिनामा चार करोड ५० लाख १४ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ । उपमहानगरपालिकाका राजस्व शाखाका प्रमुख मनोज सुवेदीका अनुसार गत साउनमा उपमहानगपालिकाले सम्पत्ति करबाट एक करोड ४४ लाख ८५ हजार रुपैयाँ , पूर्वाधार सेवाको उपयोगमा लाग्ने करबाट एक करोड १८ लाख ७५ हजार रुपैयाँ , घरबहाल करबाट ५० लाख ६५ हजार रुपैयाँ, सिफारिस दस्तुरबाट ३३ लाख ४० हजार रुपैयाँ, बहाल बिटोरी करबाट १८ लाख ७८ हजार रुपैयाँ, व्यवसाय करबाट ४१ लाख २१ हजार र प्रशासकनिक दण्ड जरिवाना र जफतबाट पाँच लाख ९६ हजार रुपैयाँ राजस्व सङ्कलन भएको छ ।

यो अघिल्लो आव २०८०/८१ को साउनको तुलनामा २५ लाख ६२ हजार रुपैयाँ कम राजस्व सङ्कलन भएको हो । आव २०८०÷८१ को साउनमा उपमहानगरपालिकाले चार करोड ७५ लाख ७६ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको थियो । चालु आव २०८१/८२ को पहिलो महिनामा व्यवसायीले कर वृद्धिको विरोधमा गरेको आन्दोलन, कबाडी सङ्कलन तथा बिक्री कर लगाउन नसक्नुजस्ता कारण अघिल्लो आवको तुलनामा चालु आवको पहिलो महिनामा कम राजस्व सङ्कलन भएको प्रमुख सुवेदीले बताए ।

यस्तै, विश्वव्यापी आर्थिक मन्दीका बाबजुद हेटौँडा उपमहानगरले आव २०८०/८१ मा लक्ष्यभन्दा बढी राजस्व सङ्कलन गर्न सफल भएको छ । उपमहानगरले आव २०८०/८१ मा ३० करोड ९४ लाख पाँच हजार रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा विभिन्न शीर्षकमा ३४ करोड सात लाख ६४ हजार छ सय ४० रुपैयाँ राजस्व सङ्कलन गरेको छ ।

उपमहानगरपालिकाले आव २०८०/८१ मा एकीकृत सम्पत्ति करबाट सात करोड ३० लाख २८ हजार रुपैयाँ, घरबहाल करबाट छ करोड एक लाख ६८ हजार रुपैयाँ, पूर्वाधार सेवाको उपयोगमा लाग्ने करबाट पाँच करोड २३ लाख नौ हजार रुपैयाँ, बहाल बिटोरी करबाट दुई करोड ४९ लाख ७४ हजार रुपैयाँ, सिफारिस दस्तुरबाट तीन करोड ४१ लाख ९६ हजार रुपैयाँ, व्यवसाय रजिष्ट्रेशन दस्तुरबाट दुई करोड ३२ लाख ३१ हजार रुपैयाँ, नक्सापास दस्तुरबाट एक करोड छ लाख ३० हजार रुपैयाँ, सरकारी सम्पत्ति बहालबाट पाँच लाख ८६ हजार रुपैयाँ, ढुङ्गागिट्टी बालुवा बिक्रीबाट ८० लाख रुपैयाँ र प्रशासनिक दण्ड जरिवानावापत ८६ लाख ७३ हजार रुपैयाँ राजस्व सङ्कलन भएको राजस्व शाखा प्रमुख सुवेदीले बताए । रासस

# 'देशभरका छोटी भन्सार कार्यालय सञ्चालनमा ल्याउनुपर्छ'

**काठमाडौँ ।**
गृहमन्त्री रमेश लेखकले देशभरका छोटी भन्सार कार्यालयहरू सक्दो चाँडो सञ्चालनमा ल्याउनुपर्ने बताएका छन् । उनले राजस्व चुहावट नियन्त्रणका लागि सशस्त्र द्वन्द्वमा बन्द भएका छोटी भन्सार कार्यालयहरू सञ्चालनमा जोड दिए ।

सिंहदरबारस्थित अर्थमन्त्रालयमा बुधबार बसेको केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको बैठकमा गृहमन्त्री लेखकले लक्ष्यअनुसार राजस्व उठाउन गृहमन्त्रालयले पूर्णरूपमा काम गर्ने प्रतिबद्धता व्यक्त गरे । 'राजस्व लक्ष्य अनुसार उठिरहेको छैन । लक्ष्यअनुसार राजस्व उठाउने विषयमा अर्थमन्त्रालयले राखेको अपेक्षा अनुसार गृहमन्त्रालयले काम गर्छ,' उनले भने, 'मैले मेरो मन्त्रालयका वरिष्ठ अधिकृतहरू, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षकहरूसँग छलफल गरेर राजस्व बढाउन निर्देशन दिएको छु । यसमा हाम्रो पूर्णरूपमा काम गर्ने प्रतिबद्धता छ ।'

गृहमन्त्री लेखकले जग्गा र भवन भएका छोटी भन्सार कार्यालय सञ्चालनमा ल्याउन चाँडै निर्णय गरिने तथा जनशक्ति पठाउन पहल गरिने बताए । 'भन्सार कार्यालयको जनशक्ति कम छ भने बढी जनशक्ति भएको ठाउँबाट ल्याएर काम गर्न सकिन्छ । यसमा मैले सहयोग गर्छु । भारततिर भन्सार कार्यालय छैन भनेर नेपालमा छोटी भन्सार कार्यालय सञ्चालन गर्न नरोकौँ । छोटी भन्सार कार्यालय हुँदा राजस्वमा वृद्धि हुन्छ,' उनले भने ।

गृहमन्त्री लेखकले उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई गृह मन्त्रालयले गर्ने काममा कमी कमजोरी भए जुन सुकै बेला सुझाव दिन आग्रह गरे । यस्तै, उनले सीमित स्रोतसाधनका बाबजुद प्रहरीले धेरै भार बोकेको उल्लेख गर्दै अर्थमन्त्री पौडेलको ध्यानाकर्षण गराए । रासस

# नेकपा एमालेले 'समृद्ध नेपाल सुखी नेपाली' को सपना पूरा गर्छ



"

*नेताहरु खराब हुनुको पछाडि जनतामा पनि कमिकमजोर छ । जनताले नेताहरुलाई दबाब दिन सकेका छैनन् । सांसद बेनपछि, मन्त्री बनेपछि पछि पछि लाग्ने, जुलुस निकाल्ने, ठूलो ठूलो माला लगाइदिने, मिठाईले तौल गर्ने, अविर माला लगाउने, भोजभतेर गर्ने रमाइलो गर्ने मात्र छ । जनताले सामुहिक प्रयास दिन सकेनन्, सामुहिक दबाब दिन सकेनन् । आफ्नो काम भयो, अरुको मलतब छैन । अवस्था निरासाजनक छ ।*

"

*नेकपा एमाले मधेश प्रदेश कमिटीका उपाध्यक्ष विचारी यादव इमान्दार, स्पष्ट र निर्भिक वक्ता हुन् । करिब ४ दशकदेखि राजनीतिमा होमिएका उनी २०४९ सालमा तत्कालीन प्रसौनी विर्ता गाउँपालिकाको उपाध्यक्ष निर्वाचित भए । दोस्रो संविधान सभाका सदस्य रहेका उनीसँग गरिएको संवादको सम्पादित अंश ।*

**विचारी यादव**
**नेता, नेकपा एमाले**

'समृद्ध नेपाल सुखी नेपाली' नारामा मात्र होइन्, नेकपा एमालेले यो सपनालाई साकार पार्छ । पार्टीका अध्यक्ष केपी शर्मा ओली अहिले प्रधानमन्त्री हुनुहुन्छ । तर हामीले तलबाट काम गरिहेका छौँ । तल स्तरबाट समस्याको उठान गरेर जनजीविका सहज र सरल बनाउने काम गर्छौं । मेरो पार्टीले मलाई स्थानीय तह हेर्ने जिम्मेवारी दिएको छ । त्यो हेर्दैछु । अहिले के भइरहेको छ, स्थानीय तहमा मेयर उपमेयरको लफडा छ । मिलेर काम गर्न सक्ने अवस्था छैन । मेयर हाकिमको लफडा छ । मेयरले आफ्नै गुट चलाएको छ । उपमेयरको आफ्नै गुट छ । स्थानीय तहमा विवादै विवाद छ । जनताको काममा उहाँहरुको खासै ध्यान छैन । एमाले जितेको ठाउँमा पनि यहि हालत छ । जहाँ एमालेको सेट जितेको छ वा भनौं जहाँ हाम्रो बहुमत छ, त्यहाँ हामीले मिलाएका छौं । त्यहाँ कम विवाद छ । तर, हाम्रो बहुमत नभएको ठाउँमा, मेयर उपमेयर एउटै पार्टीको नभएको ठाउँमा यस्तो समस्या धेरै छ । जनता दैनिक रुपमा आफ्नो काम लिएर जान्छन् । राम्ररी काम हुँदैन । आज एक जनाले बन्द गरेको छ । भोली अर्कोले तालाबन्दी गरेको छ । पर्सी अर्को आएर तालबन्दी खोल्छ, विवाद हुन्छ । यो सबले जनता आजित भएका छन् । एमाले जितेको ठाउँमा हामीले राम्रो गर्ने प्रयास गरिरहेका छौ, तर समय लाग्छ । हामी धेरै माथि नजाऔँ, यहि तलबाट कुराकानी गर्दै, सहजरुपमा मिलेर काम गर्दै जानुपर्छ ।

हामी कानुनी तरिकाले, वैधानिक तरिकाले कामलाई अगाडि बढाउदैनौं, मात्र भ्रष्टाचार भयो, यहाँ घोटाला भयो, यहाँ कमिसनको खेल भयो । जता पनि यहि कुरा छ । हामीले भ्रष्टाचार हटाउन के गरिरहेका छौँ । सबैले भन्छन्, फलानोले भ्रष्टाचार गरिरहेको छ, चिलानो पार्टीले भ्रष्टाचारलाई प्रसय दिइरहेका छन् । सबले एक अर्कालाई मात्र दोष दिइरहेका छन् । तर, कसैले यो भ्रष्टाचारको जड कहाँ छ, कसरी भइरहेका छन् । यसमा हामी कति दोषी छौँ, भन्ने आत्मसमीक्षा गर्न जरुरी छ ।

हाम्रो देशमा मधेशमा सम्भावना बोकेको क्षेत्र हो, कृषि । आज कृषिको अवस्था कस्तो छ । सबैलाई थाहा छ । मेरो पार्टी एमालेबाट पटक पटक कृषि मन्त्री बन्नु भएको छ । तर, के भयो । केही सुधारभएको होला तर आमूल सुधार त भएको छैन नि । कसरी हुन्छ, यहाँ सिस्टम छैन, सिस्टम नभएपछि कोही मन्त्री बनेपनि केहि गतिलो प्रगति हुँदैन । जहिले पनि खेति बेलामा खाद छैन, बिउँ छैन, मल छैन भन्ने मात्र हुन्छ । किसानहरु जेन तेन गरेर भारतबाट खादमल, बिउँ ल्याउनु हुन्छ । त्यो दुःख त सबैले देख्नुभएकै छ । नेपालमा कोही किसानको लागि काम गर्ने कुनै पार्टी नै छैन । नगदी बालीको





लागि कसैले केहि गरेका छन् । अहिले पर्सामा चिनी मिल छ, बन्द छ, कषि औजार बन्द छ । वीरगंज चिनी मिल सञ्चालन गर्ने कुरा पर्साका कुनै पनि सांसद वा मन्त्रीले संसदमा उठाउनु भएको छ । महावीर पुनले एक्लै चिनी मिल चलाउँछु भनेर हिड्नु भएको छ । उहाँलाई म सलाम गर्छु । हाम्रो पार्टीका नेताहरुले पनि कृषि क्षेत्रमा केही गुर्न भएको छैन ।

पर्साका जनप्रतिनिधिहरु त हुनुहुन्छ नि तर नारायणी रंगशालाको कुरा उठाउनु भएको छैन । तर, एक रुपैयाँको बजेट छैन । रातो किताब पल्टाएर हेर्नुस् नारायणी रंगशालाको लागि बजेट छैन, मधेश प्रदेशकै लागि कुनै पनि रंशशालाका लागि बजेट छुट्याइएको छैन । दशरथ रंगशालापछि कै दोस्रो ठूलो रंगशाला हो नारायणी । तर, केही गर्न सक्ने अवस्था छैन । एउटा महावीर पुनले किताब बेचेर करोडौँ रकम संकलन गर्नु भएको छ । तर हामी हाम्रो क्षेत्रको विकासका लागि एक रुपैयाँ पनि सरकारसँग बजेट लिन सकेका छैनौँ । यो हाम्रो दोष हो, हाम्रो केहि हैसियत छैन । मलाई यो कुरा स्वीकार गर्न कुनै संकोच छैन ।

सडक बनाउने, बिजुली बत्ति जोड्ने बाहेका केही काम छैन । कृषि, शिक्षा, स्वास्थ्यको क्षेत्रमा कुनै प्रगति छैन चारै तिर निरासा छ । नेताहरुको एकमात्र चाहना आफु पदमा पुगौं, आफै खाउँ, आफै लगाऔँ भन्ने मात्र छ । नेताहरु खराब हुनुको पछाडि जनतामा पनि कमिकमजोर छ । जनताले नेताहरुलाई दबाब दिन सकेका छैनन् । सांसद बेनपछि, मन्त्री बनेपछि पछि पछि लाग्ने, जुलुस निकाल्ने, ठूलो ठूलो माला लगाइदिने, मिठाईले तौल गर्ने, अविर माला लगाउने, भोजभतेर गर्ने रमाइलो गर्ने मात्र छ । जनताले सामुहिक प्रयास दिन सकेनन्, सामुहिक दबाब दिन सकेनन् । आफ्नो काम भयो, अरुको मलतब छैन । अवस्था निरासाजनक छ ।

पर्सा जिल्लामा एमालेको अवस्था ठिकै छ । प्रदेशमा पनि ठिकै छ । म आफैपनि प्रदेशको उपाध्यक्ष रहेको नाताले प्रदेशमा पनि एमाले बलियो छ । पर्सामा मान्छेले पार्टी चलाउने होइन । पार्टीले पार्टीलाई चलाउनु पर्छ । व्यक्ति कन्द्रित हुनु भएन । नयाँ मान्छेलाई अवसर दिइएको छ । अधिवेशनबाट नयाँ पुस्ता आउनु भएको छ । पूराना व्यक्ति, नेताको सल्लाहमा पार्टीलाई चलाउदा सहि हुन्छ । एकलै अगाडि बढाउन खोज्दा पार्टी दुर्घटनामा पनि पर्न सक्छ ।

जनतामा जानु पर्यो, जनताको मन जित्नुपर्छ, नेताको मन जित्नु पर्छ, समग्रमा पार्टी कै मन जित्नु पर्छ । पार्टीमा प्रतिवद्ध भएर लाग्नु पर्छ । पार्टीमा लगानी छैन, धैर्यता छैन, आज एउटा पार्टीमा छ, पदमा हुँदासम्म बस्छ, पदबाट हटेपछि फेरी अर्को पार्टीमा जान्छ । नयाँ नेतामा यो समस्या छ । अवसरवादी चरित्रका नेताहरु छन् , तपाईले देख्नु भएको छैन । आज यता छ भोली चुनावमा कुदेर अर्को पार्टीमा जान्छ, टिकट पाएन भने यो पार्टी खराब हो भन्छ, अर्को पार्टीको गाडीमा घुम्छ । धेरै कुरा छ । कोही टिकट नपाएर स्वतन्त्र लडेर आफ्नै पार्टीको उम्मेदवारलाई हराउन लाग्छ । पूराना नेतामा यो समस्या त्यति हुँदैन, उनीहरु परिपक्क भइसकेका हुन्छन् । पार्टीमा पदका लागि मात्र बस्ने होइन्, पार्टी भनेको छ विचार हो, विचारसँग जोडिनु पर्छ । जनताको सेवा गर्नु पर्छ ।

# रेडियो वीरगंजकी समाचारवाचिका पौडेल पुरस्कृत



**मधेशदृष्टि**
**वीरगंज ।**
मध्य नेपाल उत्कृष्ट पत्रकार महिला पुरस्कारबाट वीरगंजकी सक्रिय पत्रकार रेडियो वीरगंजकी समाचारवाचिका निलिमा पौडेल पुरस्कृत भएकी छन् । वीरगंजबाट प्रकाशित हुने मध्य नेपाल पत्रिकाको आठौं वार्षिक उत्सवको अवसरमा आयोजित कार्यक्रममा पत्रकार पौडेललाई उक्त पुरस्कार प्रदान गरिएको हो । नेपाली कांग्रेस निकट नेपाल प्रेस युनियनकी केन्द्रिय सदस्य समेत रहेकी रेडियोकर्मी पौडेललाई नगद ११ हजार १ सय १ रुपैयाँ राशीको उक्त पुरस्कारसहित प्रमाणपत्र र दोसल्ला ओढाइ सम्मान गरिएको थियो । झण्डै डेढ दशकदेखि रेडियो वीरगंजमा कार्यरत पौडेल, नेपाल चलचित्र पत्रकार पर्साकी अध्यक्ष पनि हुन् । मध्य नेपाल साप्ताहिककी प्रकाशक कविता खड्काको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वीरगंजका विभिन्न क्षेत्रका व्यक्तिहरुको उपस्थिति रहेको थियो । वीरगंजबाट मध्य नेपाल साप्ताहिक आठ वर्ष अगाडिदेखि वीरगंजका सक्रिय पत्रकार महिलाले सञ्चालन गर्दै आएको पत्रिका हो ।

# महिलाहरुको समूहद्वारा दुई लघुवित्त तथा वित्तीय संस्थामा आगजानी

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहामा महिलाहरुको एक समूहले गोलबजार नगरपालिका ७ स्थित श्रृजनशील लघुवित्त वितीय संस्था लिमिटेड र जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड चोहर्वा शाखामा आगजानी गरेको छ । महिलाहरुको समूहले दुवै कार्यालयमा कार्यालय प्रायोजनका कागज, कम्प्यूटर, ल्यापटप मोबाइल जलाएका हुन् । श्रृजनशील लघुवित्त वितीय संस्था लिमिटेड कार्यालयभित्रै करिव २० जनाको समूहमा आएका महिलाहरुले ल्यापटप दुई थान र टेवलमा भएका सम्पूर्ण कागजात नियन्त्रणमा लिएर जलाएको संस्थाका शाखा प्रमुख शंकर प्रसाद महतो जानकारी दिए । उनका अनुसार २–३ जनाका दरले ग्राहकजस्तै भएर आएका महिलाहरुले एक्कासी टेवलमा भएको सवै



कागजात र दुई वटा ल्यापटप नियन्त्रणमा लिएर जलाएर भागेको हो । तत्काल क्षतिको विवरण एकीन नभएको महतो बताए । उनले भने, तत्काल क्षतिको विवरण जानकारीमा आएको छैन, मुचुल्का उनठाउने काम भईरहेको छ । त्यसपछि जानकारी होला ।'

त्यसैगरी जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडमा पनि दुइ वटा डेक्सटप कम्प्यूटर कामैनलाग्नेगरी फूटाएको र विभिन्न कागजातहरु नियन्त्रणमा लिएर जनाएको छ । लघुवित्त तथा वित्तीय शोषण विरुद्धको संघर्ष समिति नेपालले सरकार र संघर्ष समितिको कार्यदलले बनाएको प्रतिवेदन लघुवित्त माफियाहरुको प्रभावमा कार्यान्वयन नगरेकाले आफूहरु संघर्षमा जान बाध्य भएको मधेश प्रदेश अध्यक्ष अर्जुन विश्वकर्माले जानकारी दिए । उनले भने, 'अर्थमन्त्रालय, राष्ट्रबैंकका प्रतिनिधी र संघर्ष समितिले मेहनत गरेर बनाएको प्रतिवेदन लघुवित्त माफियाहरुको प्रभावमा सरकाले कार्यान्वन गर्न चाहेनन्, पीडितहरुले पीडा खप्न नसकेपछि आजको कारबाही भएको हो । यो देशव्यापी रुपमा भएको छ ।' आगलागीमा संलग्न रहेको आरोपमा करिब १० जना महिलाहरुलाई प्रहरीले नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख इन्सपेक्टर सुनिल कार्किले जानकारी दिए । उनले आगलागी किन गरेको हो भन्ने विषयमा सोधपुछ भईरहेको जनाएका छन् ।

# आर्थिक प्रलोभन देखाएर गिरोहले भारतमा बेच्थे मिर्गौला

**मधेशदृष्टि**
**काठमाडौँ ।**
विभिन्न प्रलोभनमा भारतको कोलकाता पुऱ्याएर मिर्गौला झिकेको आरोपमा २ जना पक्राउ परेका छन् । मानव बेचबिखन अनुसन्धान ब्युरोको टोलीले पीडितको उजुरीपछि दुईजनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेहरूमा ललितपुर महानगरपालिका–८ घर भएका ३७ वर्षीय शंकर खत्री र मकवानपुर भीमफेदी गाउँपालिका–२ घर भएकी ४२ वर्षीया शान्तिमाया घलान रहेका छन् । उनीहरूले पीडितलाई मृगौला बिक्री गरेमा १० लाख कमाउन सकिने लोभ देखाएर लगेको ब्यूरोले बताएको छ । प्रहरीका अनुसार गिरोहले पीडितको स्वास्थ्य परीक्षण गराई काठमाडौंबाट वीरगंज हुँदै भारतको कलकत्ता पुऱ्याएका थिए । थप अनुसन्धानको क्रममा मिर्गौला प्रत्यारोपण गर्नुपर्ने व्यक्तिको एकाघर परिवारभित्रको व्यक्ति भन्ने विश्वास दिलाउन नेपाली नागरिकताको प्रमाणपत्र समेतका



कागजात झुट्टा बनाई धाकधम्की दिएको पनि उनीहरूमाथि आरोप छ ।
मानव बेचबिखन अनुसन्धान ब्युरोको टोलीले खत्रीलाई भदौ ९ गते र घलानलाई ११ गते पक्राउ गरेको हो। उनीहरूविरुद्ध ३२ वर्षीय काठमाडौं १ (नाम परिवर्तन) ले आफूलाई प्रलोभनमा पारेर भारतको पुऱ्याएर मिर्गौला झिकिदिएको उजुरी दिएका छन् । उनले काठमाडौंदेखि भारतसम्म पुऱ्याउन विभिन्न भूमिका खेलेका ६ जनाविरुद्ध उजुरी दिएका छन् । दुई जना पक्राउ परे पनि बाँकी ४ जनालाई प्रहरीले खोजिरहेको मानवबेचबिखन अनुसन्धान ब्युरोका सूचना अधिकारी प्रहरी उपरीक्षक (एसपी) गौतम मिश्रले जानकारी दिए ।
पैसाको अभावमा विभिन्न समस्याहरू झेलिरहेका ती युवकलाई घलानले मानिसको शरीरमा एउटा मिर्गौला भए काम गर्ने भन्दै प्रलोभनमा पारेको प्रहरी अनुसन्धानमा खुलेको एसपी मिश्रले जानकारी दिए । 'एउटा मिर्गौलाले राम्रोसँग काम गरिहाल्छ, केही समस्या हुँदैन । मिर्गौला अरूलाई दिए धर्म हुन्छ भनेर भनिएको रहेछ,' एसपी मिश्रले भने, 'त्यति भनेपछि पीडित मिर्गौला बेच्न सुरूमा राजी भएको देखिन्छ ।' उनले थपे, 'एउटा मिर्गौला बेचेवापत १० लाख रूपैयाँ दिने भनिएको रहेछ ।' उनले प्रहरीलाई बताए अनुसार मिर्गौला बेचेका केही व्यक्तिहरूसँग पनि भेटाइएको थियो । एउटामात्र मिर्गौलाले पनि काम गरेको देखेपछि उनी राजी भएका थिए । उनलाई २०८० को तिहारको तिनचार दिनपछि घलानले काठमाडौंको बल्खुबाट सुमो चढाएर पठाएको प्रहरीलाई बताएका छन् । उनीहरूले बस चढाइएपछि तेस्रो व्यक्तिको साथमा पीडितलाई पठाएको प्रहरी अनुसन्धानमा खुलेको छ । तेस्रो व्यक्तिले बल्खुदेखि वीरगंज नाका हुँदै भारतको रक्सोलको बाटो हुँदै रेलबाट कलकत्ता पुऱ्याएको अनुसन्धानबाट देखिएको छ । त्यहाँ पुगेपछि ती युवकले मिर्गौला बेच्नका लागि तयार नभएको र आफूमाथि जबरजस्ती गरेको प्रहरीलाई बताएका छन् । मर्गौला निकालेर दुई महिनाको उपचारपछि २०८१ वैशाख १ गते नेपाल फर्किएको बताएका छन् । नेपाल फर्किएपछि उनले पटक–पटक गरेर ३ लाख ७० हजार रूपैयाँ पाएको प्रहरीलाई अनुसन्धानका क्रममा बताएका छन् । दुवैजनालाई मानव बेचबिखन तथा ओसारपसार मुद्दामा काठमाडौं जिल्ला अदालतबाट ९ दिन म्याद थप अनुमति लिई प्रहरीले अनुसन्धान गरिरहेको छ ।

# एकीकृत समाजवादीमा १८ केन्द्रीय पदाधिकारी चयन




**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को १८ केन्द्रीय पदाधिकारीका लागि भएको निर्वाचनको परिणाम सार्वजनिक भएको छ ।
वरिष्ठ उपाध्यक्ष पदमा राजेन्द्रप्रसाद पाण्डे मङ्गलबार नै सर्वसम्मतिले निर्वाचित भएका थिए । बुधबार विहान सार्वजानिक मतपरिणामअनुसार पार्टीको उपाध्यक्ष पद (महिला) जयन्ती राई, उपाध्यक्ष (मधेशी समुदाय) धर्मनाथ साह निर्वाचित भएका हुन् । उपाध्यक्ष (खुला)मा जगन्नाथ खतिवडा, डा गङ्गालाल तुलाधर, भानुभक्त जोशी र प्रकाश ज्वाला निर्वाचित भएका छन् । यसैगरी उपमहासचिवमा राजेन्द्रकुमार राई, मेटमणि चौधरी, रामकुमार भट्टराई र गरिमा शाह निर्वाचित भएका पार्टीको निर्वाचन आयोगले जनाएको छ । पार्टीको सचिव पदमा (समावेशी) बलदेव चौधरी र सचिव (दलित) गणेश विक, सचिव (खुला) मा शेरबहादुर कुँवर, चन्द्रबहादुर शाही, सोमप्रसाद पाण्डे, सावित्री भुसाल र श्रीनाथ बराल चयन भएका पार्टीको निर्वाचन आयोगले जनाएको छ ।
पार्टीका १८ पदाधिकारीसहित एक सय पाँच पोलिटब्यूरो सदस्य छनोटका लागि मङ्गलबार राति मतदान भएको थियो । गत असारमा सम्पन्न महाधिवेशनले अध्यक्षपदमा माधवकुमार नेपाल, सम्मानित नेतामा झलनाथ खनाल र महासचिवमा घनश्याम भुसाललाई सर्वसम्मत चयन गरेको थियो ।




# सेवा अवधिपछि उमेर हदविरुद्ध पनि रिट



**मधेशदृष्टि**
**काठमाडौँ ।**
उमेर हदका कारण अवकाश हुने विद्यमान व्यवस्थाविरुद्ध अन्तरिम आदेशको माग गर्दै नेपाल प्रहरीका एआईजीसमेतका उच्च अधिकृतहरु सर्वोच्च अदालत पुगेका छन् । एक एआईजी र तीन डीआईजीसहित ५ जनाले संयुक्त रुपमा रिट दायर गरेका हुन् । एआईजी श्याम ज्ञवाली तथा डीआईजीहरु केदार ढकाल, राजेशनाथ बास्तोला र यज्ञविनोद पोखरेलले निवेदन दिएका हुन् । ज्ञवाली एआईजी सेवा प्रवेश गरेको २९ वर्ष ५ महिना २२ दिन, ढकाल २९ वर्ष ८ महिना ७ दिन, बास्तोला २८ वर्ष ११ महिना १४ दिन र पोखरेल २८ वर्ष १० महिना १७ दिनमा अवकाश पाउँदैछन् । उनीहरु उमेर हदका कारण अवकाश पाउन लागेका हुन् । ज्ञवालीले उमेर हदका कारण आगामी भदौ २६, ढकालले मंसिर १२, बास्तोलाले कात्तिक ११ र पोखरेलले असोज १४ गते अवकाश पाउँदैछन् । नेपाल प्रहरीमा एआईजी र डीआईजीको उमेर हद ५६ वर्ष छ । हालै ३० वर्षे सेवा अवधिविरुद्ध अवकाश हुने व्यवस्थाविरुद्ध अन्तरिम आदेश जारी भएपछि उमेर हदका विषयमा पनि प्रहरी अधिकृतहरु सर्वोच्च पुगेका हुन् । अवकाशसम्बन्धी व्यवस्थाहरु ऐनमा राख्नुपर्ने निर्देशनात्मक आदेश कार्यान्वयन नगरेको भन्दै हालै सर्वोच्चले सेवा अवधिका व्यवस्थामा अन्तरिम आदेश दिएको थियो । निजामती सेवामा ३० वर्षे सेवा अवधि नरहेको विषयलाई पनि आधार मानिएको छ । यसबाहेक अवकाशको व्यवस्थामा पुनरावलोकन गर्नुपर्ने कार्यदलको प्रतिवेदन रहेको कुरालाई पनि अन्तरिम आदेशमा उल्लेख गरिएको छ । कार्यदलले एआईजी र डीआईजीको उमेर हद लम्ब्याउनुपर्ने सुझाव दिएको छ ।

# काठमाडौँमा स्नुकर सञ्चालकको हत्या आरोपमा बाराका युवक पक्राउ

**मधेशदृष्टि**
**काठमाडौँ ।**
बारा सिम्रौनगढका एक युवक शंखमूलमा स्नुकर सञ्चालक रुपक बान्तवा राईको हत्यामा संलग्न भएको आरोपमा पक्राउ परेका छन् । बाराको सिम्रौनगढ नगरपालिका–७ घर भइ काठमाडौँ बस्दै आएका २२ वर्षीय एमके कुमारलाई प्रहरीले पक्राउ गरेको हो । उनलाई जिल्ला प्रहरी परिसर काठमाडौँको टोलीले पक्राउ गरेको हो । राईको हत्या आरोपमा एमकेलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । व्यक्तिगत रिसइबीका कारण उनले राईको हत्या गरेको प्रहरीले जनाएको छ । सोमबार बिहान करिब २ बजेतिर रुपक आफ्नै खाजा तथा स्नुकर हाउसको सोफामा गम्भीर घाइते अवस्थामा भेटिएका थिए । टाउकोमा धारिलो हतियार प्रहारबाट घाइते भएका उनलाई प्रहरीले उपचारका लागि सिभिल अस्पतालमा पुऱ्याएपछि साढे २ बजे चिकित्सकले मृत घोषणा गरेका थिए । शंखमूलकै साइबाबा पार्कस्थित टहरामा भाडामा बस्दै आएका एमकेको कोठाबाट प्रहरीले घटनामा प्रयोग भएको रड पनि बरामद गरेको छ । त्यस्तै मृतक राईको पर्स, चस्मा, झोला लुगा पनि बरामद भएको परिसरका एसपी तथा प्रवक्ता नवराज अधिकारीले बताए ।

# मधेश विश्वविद्यालयको जग्गा प्राप्तिबारे ध्यानाकर्षण



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बहुदरामाई नगरपालिकामा मधेश विश्वविद्यालयका लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा मधेश विश्वविधालयको उपकुलपति डा दिपक शाक्यको नेतृत्वमा गएको टोलीले बुधबार जनकपुरमा मुख्यमन्त्री, शिक्षा मन्त्री तथा भौतिक पूर्वाधार मन्त्रीसँग छलफल तथा भेटघाट गरेको छ । छुट्टाछुट्टै रुपमा मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह, शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारी, अर्थमन्त्री सुनिल कुमार यादवसँग भेटधाट तथा छलफल गरिएको टोलीमा संलग्न राष्ट्रिय मुक्ति क्रान्ति अभियानका नेता नेजामुदिन समानीले बताएका छन् । समानीका अनुमार बहुदरमाईमा ३५ बिघा जग्गा प्राप्त गर्न र पोखरिया नगरपालिकामा ५० शय्याको अस्पतालमा निर्माण गर्न ध्यानाकर्षण गराइएको हो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन